# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## महाबु गाउँपालिका
## दैलेख





**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## महाबु गाउँपालिका

## दैलेख




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको

# पाँचौं वार्षिक प्रतिवेदन

# २०७९

## महाबु गाउँपालिका

## दैलेख

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

निष्ठा *(Integrity)*

स्वतन्त्रता *(Independence)*

व्यावसायिकता *(Professionalism)*

पारदर्शिता *(Transparency)*

जवाफदेहिता *(Accountability)*

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलत: आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय कर्णाली प्रदेश**

पत्र संख्याः २०७९।८०
च.नं. : ९२ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्ष ज्यू,
महाबु गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
दैलेख।

**कैफियत सहितको राय**

हामीले महाबु गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन।
२. लेखापरीक्षणबाट रू.३ करोड २३ लाख ४० हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु.३ करोड ३३ लाख ९३ हजार प्रतिक्रियाबाट फस्यौंट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.६६ लाख ४६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.६२ लाख २१ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ७७ लाख ३५ हजार र पेश्की रु.१७ लाख ३८ हजार रहेको छ। पालिकाको गतवर्ष सम्म रु.१८ करोड १८ लाख ८२ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.२१ करोड ४२ लाख २२ हजार रहेको छ। गाउँपालिकाको बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ।
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

नायब महालेखापरीक्षक

# महाबु  गाउँपालिका, दैलेख

## 1. चालु वर्षको बेरुजु २०७८।७९

### 1.1. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ७६ | ९१ | ६५७३३ | २ | ३४ | ३३३९३ | ७६ | ७४ | ३२३४० | ६६४६ | १७७३५ | ६२२१ | ० | ० | २३९५६ | १७३८ |

### 1.2 प्रतिक्रियाबाट फस्र्यौट गरिएका दफाहरुको स्विकृत विवरण

*(रु. हजारमा)*

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १ | ४.४ | घटी मौज्दात रहेको | २१७४० |
| २ | ४.६ | कर दाखिला नगरेको | २३१ |
| ३ | ८ | सैद्धान्तिक व्यहोरा कायम अवण्डा | ० |
| ४ | ३५ | अनुगमन भत्ता भुक्तानी गरिएको | ११५ |
| ५ | ३८ | फिल्ड भत्ता भुक्तानी गरिएको | ३७ |
| ६ | ४३.६ | जाली खरिद नियमसम्मत् नभएको | १०० |
| ७ | ४३.१४ | अनुगमन भत्ता भुक्तानी गरिएको | १२ |
| ८ | ४९.१ | वैकल्पिक उर्जा प्रमाण पेश | ५२०० |
| ९ | ४९.२ | वैकल्पिक उर्जा  प्रमाण पेश | ९९४ |
| १० | ५६ | सुरक्षित नागरिक आवास कार्य सम्पन्न नभएको | २०५८ |
| ११ | ५७ | विद्यालय भवन निर्माण कार्य सम्पन्न नभएको | ६९८ |
| १२ | ६८.४ | वृत्त चित्र निर्माण | ४४० |
| १३ | ७२ | निकासा फिर्ता नगरेको | ६१२ |
| १४ | ७८ | शिक्षकको तलब भत्ता निकासा | ० |
| १५ | ७९ | छात्रवृत्तिको बढी निकासा | ६२ |
| १६ | ७९.२ | छात्रवृत्तिको बढी निकासा | ९३८ |
| १७ | ८१ | दिवा खाजाको बढी निकासा | १५६ |

## 2. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| महाबु गाउँपालिका दैलेख | १८१८८२ | ० | ० | १८१८८२ | ० | ३२३४० | २१४२२२ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : महावु गाउँपालिका, दैलेख , महाबू गाउँपालिका , दैलेख

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | उदय राज उपाध्याय | २०७९-४-१९ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | खगेन्द्र कुमार बि सि | २०७६-९-३ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ३२,३४०,४०१.५६ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | २,५२,२५,८९६.५ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३०,४७,९८,२८० | **चालु खर्च** | २५,४७,०८,९९१.३३ |
| **प्रदेश सरकारबाट अनुदान** | ३,२९,८०,५९७ | **पूँजीगत खर्च** | १४,३८,४९,४२४.५१ |
| **राजश्व बाँडफाँट** | ६,६४,८५,५९५.६९ | **वित्तीय/अन्य व्यवस्था** | १२,७७,३७,३८४.८५ |
| **आन्तरिक आय** | ४७,११,५५७.३ | | |
| **अन्य आय** | ११,७३,१९,७७०.७ | | |
| **कुल आय** | ५२,६२,९५,८००.६९ | **कुल खर्च** | ५२,६२,९५,८००.६९ |
| **बाँकी मौज्दात** | | २,५२,२५,८९६.५ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचयः**<br><br>स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ६ वडा, ११०.८० वर्ग किलोमिटर क्षेत्रफल तथा १९२७७ जनसंख्या रहेको छ । | |
| २ | | | **लेखापरीक्षणः**<br><br>यस पालिकाको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०७९, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धैरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्: | |

| ३ | | | **लेखापरीक्षणको क्रममा असुलीः**<br><br>लेखापरीक्षणको क्रममा देहाय बमोजिमकोअसुली भई सञ्चित कोष दाखिला भएको छ ।<br><br>**असुली/ सञ्चित कोष फिर्ता** | |
|---|---|---|---|---|

| कार्यक्रम/ब.उ.शी.नं. | वापत | रकम | मिति | दाखिला भएको बैङ्क |
|---|---|---|---|---|
| संचितकोष | आन्तरिक आम्दानी | २२३१५ | २०७९।०९।१७ | कुमारी बैंक |
| संचितकोष | आन्तरिक आम्दानी | १०२४७५ | २०७९।१०।१६ | कुमारी वैंक |
| संचितकोष | आन्तरिक आम्दानी | ४३३४३ | २०७९।०९।१७ | कुमारी बैंक |
| संघीय संचितकोष | अनुदान फिर्ता | २०००००० | २०७९।०९।२० | राष्ट्रिय वाणिज्य वैंक १५१११ |
| संघीय संचितकोष | सामाजिक सुरक्षा रकम फिर्ता | २०३६९७७ | २०७९।०९।२० | राष्ट्रिय वाणिज्य वैंक १५१११ |

| | | | | |
|---|---|---|---|---|
| | जम्मा | ४२०५११० | | |

४

**वित्तीय प्रतिवेदनः**

-स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको *स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२)* सम्बन्धमा निम्नअनुसार देखिएको छः

| प्राप्ती भुक्तानी हिसाव | | | | | |
|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | | | | |
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| **प्राप्ती (क+ख)** | | ४३,३३,१३,४६२.९९ | ४१,६४,८७,८३८.९९ | | ४१,६४,८७,८३८.९९ |

| | | | | | |
|---|---|---|---|---|---|
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | | ४२,०८,७५,३५७.३० | ४०,८९,७६,०२९.९९ | ० | ४०,८९,७६,०२९.९९ |
| ११००० कर | ११ | ७,००,९१,८००.०० | ६,५१,८०,८८३.३० | ० | ६,५१,८०,८८३.३० |
| १३००० अनुदान | | ३४,६०,७२,०००.०० | ३३,७७,७८,८७७.०० | ० | ३३,७७,७८,८७७.०० |
| संघीय सरकार | १२ | ३०,५८,२४,०००.०० | ३०,४७,९८,२८०.०० | ० | ३०,४७,९८,२८०.०० |
| प्रदेश सरकार | १२ | ४,०२,४८,०००.०० | ३,२९,८०,५९७.०० | ० | ३,२९,८०,५९७.०० |
| अन्तरिक श्रोत | | ० | ० | ० | ० |
| १४००० अन्य राजस्व | | ४७,११,५५७.३० | ६०,१६,२६९.६९ | ० | ६०,१६,२६९.६९ |
| ख. अन्य प्राप्ति | | १,२४,३८,१०५.६९ | ७५,११,८०९.०० | | ७५,११,८०९.०० |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० |

| | | | | | |
|---|---|---|---|---|---|
| कोषहरु | | १,२४,३८,१०५.६९ | ६०,८४,२२२.०० | ० | ६०,८४,२२२.०० |
| धरौटी | | ० | १४,२७,५८७.०० | ० | १४,२७,५८७.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ४५,८३,२७,८०२.१९ | ४०,९३,९७,८९०.६६ | | ४०,९३,९७,८९०.६६ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ४४,५८,८९,६९६.५० | ३९,९८,६३,८६६.६६ | | ३९,९८,६३,८६६.६६ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | १४,२५,४७,६००.०० | १३,५८,०२,६६०.५१ | ० | १३,५८,०२,६६०.५१ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ९,०४,८७,९०५.०७ | ८,३३,९४,७५४.६४ | ० | ८,३३,९४,७५४.६४ |
| २५००० सहायता (Subsidy) | १८ | २,७१,१८,०००.०० | २,६३,१६,५७७.०० | ० | २,६३,१६,५७७.०० |
| २७००० सामाजिक सुरक्षा | १८ | ९९,४३,०००.०० | ९०,९३,२५५.०० | ० | ९०,९३,२५५.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| २८००० अन्य खर्च | १८ | १७,२७,९१३.४३ | १४,०७,३९५.०० | ० | १४,०७,३९५.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १७,४०,६५,२७८.०० | १४,३८,४९,४२४.५१ | ० | १४,३८,४९,४२४.५१ |
| घ. अन्य भूक्तानी | | १,२४,३८,१०५.६९ | ९५,३४,०२४.०० | | ९५,३४,०२४.०० |
| कोषहरु | | १,२४,३८,१०५.६९ | ८२,९५,५७५.८२ | ० | ८२,९५,५७५.८२ |
| धरौटी | | ० | १४,६९,५५३.१८ | ० | १४,६९,५५३.१८ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | (२,३१,१०५.००) | | (२,३१,१०५.००) |
| ङ. यो वर्षको बचत (न्युन) | | (२,५०,१४,३३९.२०) | ७०,८९,९४८.३३ | | ७०,८९,९४८.३३ |

| | | | | | |
|---|---|---|---|---|---|
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ३,१६,२६,२८०.३९ | | ३,१६,२६,२८०.३९ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (२,५०,१४,३३९.२०) | ३,८७,१६,२२८.७२ | | ३,८७,१६,२२८.७२ |
| बैंक तथा नगद बाकी | २४ | | ३,८७,१६,२२८.७२ | | ३,८७,१६,२२८.७२ |

४.१

**फरक हिसाव :** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. ६४,००,३८३।८९, यस वर्षको प्राप्ति रु. १,७७,१४,०८७।५२, यस वर्षको भुक्तानी रु. १,२२,०५,६२१.३१ र बैङ्क मौज्दात रु. २,६१,१७,८१४।२० फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन म.ले.प.फा.नं.२७२ | ३१६२६२८०.३९ | ४१,६४,८७,८३८.९९ | ४०,९३,९७,८९०.६६ | ३,८७,१६,२२८.७२ |
| एकीकृत आर्थिक विवरणअनुसार | २५२२५८९६.५० | ४३४२०१९२६.४९ | ४२१६०३५११.९७ | १२५९८४१४.५२ |
| फरक | ६४००३८३.८९ | १७७१४०८७.५ | १२२०५६२१.३१ | २६११७८१४.२ |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| ४.२ | | | **बैंक मौज्दातः** सुत्रबाट तयार भएको पालिकाको यस वर्षको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) को अनुसूची २१ मा फिर्ता गर्न बाँकी अनुदान रु. २,३०,४५,०९६।१३ देखाएकोमा पालिकाले असार मसान्त पश्चात मिति २०७९।०४।०६ मा फिर्ता गरेको र उक्त रकम एकिकृत विवरणमा निकासा फिर्तामा जनाएकोले फरक मौज्दात रु. २,६१,१७,८१४।२० मध्ये फिर्ता भएको रकम वाहेक घटी मौज्दात रु. ३०,७२,७१८।०० सम्वन्धमा एकिन गरि हिसाव मिलान पेश हुनुपर्दछ । | |
| ४.३ | | | **बैङ्क हिसाब विवरण -**स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ: | |

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| ग-२.१ चालु खर्च खाता | ११३८९६०९.३४ | ८६४६४४७.२२ | २७४३१६२.१२ |
| ग-२.३ पूँजिगत खर्च खाता | २२९४८४५०.४९ | ३९५१९६७.३ | १८९९६४८३.२ |
| ग-३ धरौटी खाता | २२१७५८४.०५ | २२१७५८४.०५ | ० |
| ग-२.७ विविध खर्च खाता | ४२७२९४५.०२ | ४२७२९४५.०२ | ० |
| ग७.२ प्रकोष ब्यवस्थापन कोष | ४०२८०६.८७ | ४१२८०६.८५ | ९९९९.९८ |
| जम्मा | | | २१७४९६४५।३० |

| | | | | |
|---|---|---|---|---|
| | | | पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ । | |
| ४.४ | | | **घटी मौज्दात** : <br><br> ✂ ........... ***(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।२० को निर्णयबाट रु.२,१७,३९,६४५ ।- सम्परीक्षण गरिएको ।)*** | ० |
| ४.५ | | | **वित्तीय विवरणको यथार्थता**ः पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. ८,४१,७०,१२२।००, मुख्यमन्त्री रोजगार उद्यमशीलता तथा आय आर्जन कार्यक्रम रु. १,६१,०४,८८६।७८ ,उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयको रु. १०,४९,५२०।०० समेत गरी रु. १०१३२४५२८।७८ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ । | |
| ४.६ | | | **कर दायित्व** <br><br> ✂ ........... ***(प्रारम्भिक प्रतिवेदन उपर दाखिला गरेको प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।२० को निर्णयबाट रु.२,३१,१०५ ।- सम्परीक्षण गरिएको ।)*** | ० |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| ५ | | | **ससर्त अनुदान फिर्ताः**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । सुत्रबाट तयार भएको पालिकाको यस वर्षको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) को अनुसूची २१ मा फिर्ता गर्न बाँकी अनुदान रु. २,३०,४५,०९६।१३ देखाएकोमा पालिकाले मिति २०७९।०४।०६ मा फिर्ता गरेको भौचर पेश गरेको छ । | |
| ६ | | | **आन्तरिक नियन्त्रण प्रणालीः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सो माथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:<br><br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची-१४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br><br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमूखि रहेको पाईयो।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस गरेको छ ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । | |

| | | | | |
|---|---|---|---|---|
| | | | • सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरण संरक्षणको एकिकृत दीर्घकालीन योजना तयार नगरेको<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्ने अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>आन्तरिक नियन्त्रण प्रणाली कमजोर हुदाँ सेवा प्रवाह एवं आर्थिक अनुशासन प्रभावकारी देखिएन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ७ | | | **अख्तियारीः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७८।०३।१० मा रु.४३ करोड ४२ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७८।०३।२८ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७८।०४।०५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ८ | | | **अबण्डा बजेटः**<br><br>✂ **...........** ***(प्रारम्भिक प्रतिवेदन उपर सैद्धान्तिक व्यहोरा कायम भएकोमा मिति २०७९।१२।२० को निर्णयबाट सम्परीक्षण गरिएको ।)*** | |
| ९ | | | **बजेट सीमा निर्धारण समिति :** | |

| | | | | |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| १० | | | **बजेट तथा कार्यक्रम तर्जुमा :**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| ११ | | | **गत बर्षको दायित्वः**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायि नियमावली, २०७७ को नियम ३९(१३) बमोजिम उपनियम २ मा जुनसुकै कुरा लेखिएको भएतापनि चालु बर्षको बजेटले नखामेको खर्च व्यहोर्नुपर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यलयले संलग्न बिल, भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको सात दिनभित्र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गरी राख्नुपर्ने व्यबस्था छ । पालिकाले देहायको आर्थिक वर्षको पुरानो भुक्तानी | १,५९६,००० |

<table>
<tr><td></td><td></td><td></td><td>गर्न बाँकी रकम यस वर्ष रु.३२,०७,८१६|- भुक्तानी गरेको छ । भुक्तानी गर्न नपुग भएको रकम सोही समयमा प्रमाणित गरी नराखेको साथै सम्बन्धीत वर्षमा भुक्तानी गर्न रकम नपुग भएको आधार प्रमाण बेगर भुक्तानी गरेकोले अनियिमत देखएको रु.<br><br><table>
<tr><th>गो.भौ.नं./मिति</th><th>आ.ब.</th><th>विवरण</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>५८-२०७८/०७/१२</td><td>२०७७|७८</td><td>२०७७|०४|०१ देखि ०७८ असार मसान्तसम्म कार्यपालिकाको बैठकको भुक्तानी</td><td>३५८५००</td></tr>
<tr><td>५९-२०७८/०७/१२</td><td>२०७६|७७</td><td>२०७६|०४|३१ देखि ०७७ असार मसान्तसम्म कार्यपालिकाको बैठकको भुक्तानी</td><td>४९५०००</td></tr>
<tr><td>२२१- २०७८/११/३०</td><td>२०७६|७७ र २०७७|७८</td><td>स्वास्थ्य कर्मि प्रोत्साहन भत्ता</td><td>७४२५००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>१५९६००</td></tr>
</table></td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>त्रैमासिक खर्चः<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसुची २ को ढाचामा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चैमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले वर्षान्तमा हतारमा काम गराउँदा</td><td></td></tr>
</table>

कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| **क्र.स.** | **बजेट उपशिर्षक** | **कुल खर्च** | **आषाढ महिना** |
|---|---|---|---|
| १ | चालु खर्चतर्फ | २५६०१४४४२.१५ | ८२२०६३२९.१३ |
| २ | पूँजिगत खर्चतर्फ | १४३८४९४२४.५१ | ७७४४५६४६.९३ |
| | जम्मा | ३९९८६३८६६.६६ | १५९६५१९७६.०६ |
| | प्रतिशत | | |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.३९ करोड ९८ लाख ६३ हजार निकासा भएकोमा आषाढ महिनामा मात्र रु. १५ करोड ९६ लाख ५२ हजार अर्थात ४० प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

१३ **क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।०७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **क्र.स** | **क्षेत्र** | **बजेट** | **खर्च** | **खर्च प्रतिशत** |
|---|---|---|---|---|

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td></td><td></td><td>जम्मा खर्चको तुलनामा</td></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>३२१४६७१६</td><td>३०२१४२९२.१५</td><td>७.५६</td></tr>
<tr><td>२</td><td>पूर्वाधार विकास</td><td>७१५९९९२६</td><td>५९४१४२३१.३८</td><td>१४.८६</td></tr>
<tr><td>३</td><td>सामाजिक विकास</td><td>२३७९५९३४१.०७</td><td>२१४८८९३४८.९६</td><td>५३.७४</td></tr>
<tr><td>४</td><td>बातावरण तथा विकास</td><td>२४६४६४५५</td><td>२४०११५०५.८६</td><td>६</td></tr>
<tr><td>५</td><td>अन्य कार्यालय संचालन तथा प्रशासनिक</td><td>७९५३७२५८.४३</td><td>७१३३४४८८.३१</td><td>१७.८४</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>४४५८८९६९६.५०</td><td>३९९८६३८६६.६६</td><td></td></tr>
</table>
उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५३.७४ प्रतिशत र बातावरण तथा विकासमा सबै भन्दा घटीमा ६ प्रतिशत रहेको छ ।
</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>खर्च बिश्लेषणः<br><br>पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु.४७,११,५५७।३० राजस्व बाँडफाँड र अनुदानबाट रु. ४०,४२,६४,४७२।७० समेत रु. ४०,८९,७६,०३०।- आम्दानी भएकोमा चालु तर्फ रु. २५,४७,०८,९९१।३३ र पूँजिगत तर्फ रु. १४,३८,४९,४२४।५१ समेत रु. ३९,८५,५८,४१५।८४ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.१८ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु. ३२,७६,०००।- खर्च भएको छ जुन आन्तरिक आयको ६९.५३ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६४ प्रतिशत चालु र ३६ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्यून खर्च गरी</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>लक्ष्य प्रगति:<br><br>कार्यालयले चौमासिक र बार्षिक स्तरक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।
<table>
<tr><th rowspan="2">कार्यक्रम/योजना</th><th rowspan="2">कुल कार्यक्रम</th><th colspan="5">वार्षिक प्रगति स्थिती</th></tr>
<tr><th>शून्य प्रगती</th><th>२५%सम्म प्रगति</th><th>५०% सम्म प्रगति</th><th>७५% सम्म प्रगति</th><th></th></tr>
<tr><td>कार्यक्रम संख्या</td><td>५५५</td><td>-</td><td>-</td><td>-</td><td>१५</td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापनः<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३८ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २७ जना पदपूर्ती भएको देखिन्छ । प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका अधिकृत छैठौ, सहायक पाचौ, सहायक चौथो, सब इन्जिनियर लगाएत सहित ११ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| १७ | | | **कर्मचारी करारः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न पदमा ४२ जना कर्मचारीहरु करारमा राखी रु. १,२१,९८,३६८।- खर्च लेखेको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८ (२) मा अधिकार प्राप्त अधिकारीले बजेट खर्च गर्दा सम्बन्धित खर्च शीर्षकमा परेको वा खर्च गर्न बाँकी रहेछ भने बजेट खर्च गर्नुपर्ने तथा महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत र महालेखा नियन्त्रकको कार्यालयबाट जारी एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार खर्च गर्नुपर्ने उल्लेख छ । सरकारी कामको सिलसिलामा आवश्यक पर्ने परामर्श तथा अन्य सेवाहरु प्राप्त वा खरिद गर्नको लागि भुक्तानी गरिने शुल्क तथा सेवा शुल्क सम्बन्धी खर्च परामर्श र अन्य सेवा शुल्कमा समावेश गरी भुक्तानी गर्नुपर्नेमा व्यवस्था छ । करार सेवातर्फबाट पारिश्रमिक सुविधा उपलब्ध गराउनुपर्नेमा करार सेवातर्फका कर्मचारीको तलब भत्ता कर्मचारी पारिश्रमिक शीर्षकमाबाट भुक्तानी गरेको छ । सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेकोमा उल्लेखित पद वाहेक खरिदार, असई, अ हे व, अनमी लगायतको विभिन्न ५ पदमा ३० जना करार नियुक्ति गरी बर्षभरीमा रु.९१,१८,६६८।- भुक्तानी गरेको अनियमित रु. | ९,११८,६६८ |
| १८ | ५२६ | २०७९-३-२५ | **कल्याण कोषः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी कर्मचारी कल्याण कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले कोष व्यवस्था गरेको छैन । सो व्यवस्था वेगर यस वर्ष पालिकाबाट अवकाश प्राप्त अस्थाई कर्मचारीलाई मिति २०७८।११।३० को कार्यपालिका वैठकले रु.२ लाख प्रोत्साहन दिने निर्णय गरेको छ । कर्मचारी अवकाश सम्बन्धमा पालिकाले कुनै पनि कानूनी व्यवस्था गरेको नदेखिएकोले कानूनी व्यवस्था वेगर टोप बहादुर शाहीलाई भुक्तानी गरेको रु. २ लाख असूल हुनुपर्ने रु. | २००,००० |

<table>
<tr>
<td>१९</td>
<td></td>
<td></td>
<td>
स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।
</td>
<td></td>
</tr>
<tr>
<td>२०</td>
<td></td>
<td></td>
<td>
सेवाप्रवाहको स्थिति :
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :
<table>
<tr><td>विवरण</td><td>जम्मा</td></tr>
<tr><td>स्वीकृत घरनक्सा दर्ता पास / भूमि मालपोत</td><td></td></tr>
<tr><td>पञ्जिकरणतर्फ</td><td></td></tr>
<tr><td>जन्मदर्ता</td><td>८१९</td></tr>
<tr><td>मृत्युदर्ता</td><td>११५</td></tr>
<tr><td>बसाईसराई दर्ता</td><td>१९२</td></tr>
</table>
</td>
<td></td>
</tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>विवाह दर्ता</td><td>२३४</td></tr>
<tr><td>सम्बन्धविच्छेद दर्ता</td><td>२</td></tr>
<tr><td>पूर्वाधार विकास सडक निर्माण</td><td></td></tr>
<tr><td>कालोपत्रे सडक निर्माण</td><td>०</td></tr>
<tr><td>कालोपत्रे सडक मर्मत</td><td>०</td></tr>
<tr><td>ग्राभेल सडक निर्माण</td><td></td></tr>
<tr><td>ग्राभेल सडक मर्मत</td><td></td></tr>
</table>
<br>
स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।
</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>कानून र सञ्चालन स्थितिः<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १९ वटा ऐन, ३ वटा नियमावली, ३ कार्यविधि लगायत २५ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>न्यायीक समितिः</td><td></td></tr>
</table>

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी २० र यो बर्ष थप भएको २६ गरी कुल ४६ विवाद दर्ता भएकोमा ६ वटा मात्र फछ्र्यौट भई ४० बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

२३

**ठेक्का व्यबस्थापनः**

सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४ बमोजिम सार्वजनिक खरिद व्यबस्थापनका लागि सोझै खरिद, सिलवन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यबस्था छ । नगरपालिकाबाट संचालित योजनाको निर्माण कार्य देहाय बमोजिम भएको देखिन्छ ।

| | | | | | | | (रु.हजारमा) | |
|---|---|---|---|---|---|---|---|---|
| **कुल निर्माण खर्च** | **सोझै खरिद** | | **सिलबन्दी दरभाउपत्र** | | **बोलपत्र** | | **तेश्रो चौमासिकमा व्यवस्था भएको** | |
| | **संख्या** | **रकम** | **संख्या** | **रकम** | **संख्या** | **रकम** | **संख्या** | **रकम** |
| **२६५८६३७८.७५** | **८** | **८०६००१२** | - | - | **८** | **१८५२६३६६.७५** | **१६** | **२६५८६३७८.७५** |

२४

**बार्षिक खरिद योजना/गुरुयोजना :**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १०

| | | | | |
|---|---|---|---|---|
| | | | लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १४,३८,४९,४२४।७१ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| २५ | | | **सम्पत्ति तथा जिन्सी मालसामानको लगत तयार गर्नेः**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) बमोजिम कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । वडा कार्यलयले खरिद गरेको जिन्सी सामानहरु पालिकाको जिन्सी खातामा आम्दानी गर्न छुट देखिएको र जिन्सी निरीक्षण समेत नगरेकोले खरिद भएका, सहायता वा हस्तान्तरण भई प्राप्त भएका जिन्सी मालसामानको एकिन गरी आम्दानी बाँध्नुपर्ने देखिन्छ । | |
| २६ | | | **सार्वजनिक सम्पत्ति व्यवस्थान प्रणालीः**<br><br>नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७७।०४।०७ र २०७७।०७।२० को निर्णयअनुसार संघ/प्रदेश/ स्थानिय तहका कार्यलयहरुले सरकारी सम्पतिको व्यवस्थापनमा सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (PAMS) अनिवार्य रुपमा लागु गर्ने व्यवस्था गरेको छ । कार्यालयले सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली (PAMS) प्रयोग गरेको छैन । अतः कार्यालयले सम्पूर्ण सार्वजनिक सम्पतिहरु (PAMS) अनिवार्य अभिलेख राख्नुपर्दछ । | |
| २७ | | | **सवारीसाधन खरिदः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. | |

<table>
<tr><td></td><td></td><td></td><td>५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । पालिकाले यसवर्ष २ थान दुई पाङ्ग्रे सवारी साधन खरिदमा रु. ५,६४,२४०।- समानिकरण बजेटबाट खर्च गरेको छ । निर्देशिकाको पालना नगर्नेलाई जिम्मेवार बनाई यस्तो खर्च नियन्त्रण गर्नुपर्दछ ।
<table>
<tr><td>सि.नं</td><td>सवारी साधन</td><td>संख्या</td><td>रकम</td></tr>
<tr><td>१</td><td>मोटरसाइक ल</td><td>२</td><td>५६४२४०</td></tr>
</table></td><td></td></tr>
<tr><td>२८</td><td></td><td></td><td>आर्थिक सहायताः<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु. २,७३,०००।०० आर्थिक सहायता वितरण गरेका छन् । यस्तो सहायता सम्बन्धी मापदण्ड बनाई आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>आयको अनुमानः<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ४५ लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।०७९ मा रु. ४७,११,५५७।३० प्राप्त गरेको छ । आयको अनुमान तोकिएको आधार र मापदण्ड अपनाई गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>आन्तरिक आयः<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७८।७९ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।</td><td></td></tr>
</table>

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><td>केन्द्रिय अनुदानबाट खर्च</td><td>आन्तरिक आय</td><td>आन्तरिक आय प्रतिशत</td></tr>
<tr><td>३३,७७,७८,८७७.००</td><td>४७११५५७.३०</td><td>१.४०</td></tr>
</table>
<br>उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.४० प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।
</td>
<td></td>
</tr>
<tr>
<td>३१</td>
<td></td>
<td></td>
<td>आन्तरिक आम्दानीः<br><br>कार्यालयले जिन्सी किताबमा गत वर्षको बाँकी, यस वर्षको खरिद, खर्च र बाँकी नगदी रसिदको अभिलेख राख्नुपर्ने र जिन्सी किताबाट खर्च लेखेको रसिद नियन्त्रण खातामा आम्दानी जनाई सम्बन्धित वडा कार्यालयमा आम्दानी रकम उठाउने कर्मचारीको जिम्मामा देखिने गरी नगदी रसिद नियन्त्रण खाता राख्नुपर्ने र वर्षान्तमा कारोवार बन्द भएपश्चात खर्च गर्न बाँकी रसिद फिर्ता गरी अभिलेख व्यवस्थित गर्नुपर्दछ । यस वर्ष पालिकाले आन्तरिक आम्दानी रु. ४७,११,५५७|३० गरेको मध्ये सफ्टवेयर (अनलाईन)बाट नगरी नगदी रसिद प्रयोग गरी असुल गरेकोमा प्रयोग भएका नगदी रसिद लेखाङ्कन गरेको म.ले.प.फा.नं. १०५ र १०८ पेश नभएको र रसिद नियन्त्रण खातामा लेखाङ्कन गरी रसिद प्रयोग गरेको नदेखिएको र समयमा बैक दाखिला समेत नभएकाले आम्दानी भएको रकम यकिन गर्न नसकिने हुँदा पालिकाले यकिन गर्नुपर्दछ ।</td>
<td></td>
</tr>
<tr>
<td>३२</td>
<td></td>
<td></td>
<td>कर तथा शुल्क असुलीः<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।
<table>
<tr><td>आय शीर्षक</td><td>अनुमान</td><td>असुली</td></tr>
</table>
</td>
<td></td>
</tr>
</table>

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><td>एकीकृत सम्पत्ति कर र घरजग्गा कर</td><td>४५लाख</td><td>३४०२४६१.९७</td></tr>
<tr><td>घरजग्गा वहाल कर</td><td></td><td></td></tr>
<tr><td>व्यवसाय कर</td><td></td><td></td></tr>
<tr><td>वहाल विरौटी शुल्क</td><td></td><td></td></tr>
<tr><td>विभिन्न आ.व.को म.ले.प. बेरुजु असुल</td><td></td><td>८७३७९६</td></tr>
<tr><td>अन्य दस्तुर</td><td></td><td>४३५२९९.३३</td></tr>
<tr><td>जम्मा</td><td></td><td>४७११५५७.३०</td></tr>
</table>
<br>
पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । व्यवसाय कर, घरजग्गाको कर, बहाल विटौरी शुल्क पालिकाले दायरामा ल्याउन सकेको देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।
</td>
<td></td>
</tr>
<tr>
<td>३३</td>
<td></td>
<td></td>
<td>
राजस्व दाखिला :
<br><br>
आर्थिक कार्यविधि तथा वितिय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ (१) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नु पर्ने तथा उपदफा (२) बमोजिम आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र सोभन्दा बढी ढिलो गरेको भए दश प्रतिशतका दरले जरिबाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न,
</td>
<td></td>
</tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत ६ वटा वडाले प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ । | |
| ३४ | | | **राजश्व अभिलेख :**<br><br>कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा रहे/आएको देखिएन । अघिल्लो आर्थिक वर्षको नगदी रसिद के कति बाँकी छन एकिन गर्न सकिएन । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन गर्ने सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो । | |
| ३५ | ३५७ | २०७९-३-२५ | **अनुगमन भत्ताः**<br><br>……….. ***(प्रारम्भिक प्रतिवेदन अनुगमन भएको आधारमा मिति २०७९।१२।२० को निर्णयबाट रु.१,१४,७५० ।- सम्परीक्षण गरिएको ।)*** | ० |
| ३६ | | | **भ्रमण खर्च:**<br><br>कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् .<br>• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br>• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको । | |

| | | | | |
|---|---|---|---|---|
| | | | • भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।<br>• कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।<br>• स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।<br>त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| ३७ | | | **महिला स्वयमसेविका प्रोत्साहनः**<br><br>पालिकाले महिला स्वयमसेविका प्रोत्साहनको सम्बन्धमा कुनै पनि कार्यविधि तथा कानून निर्माण गरेको छैन । पालिकाले यसवर्ष ६१ जना महिला स्वयमसेविकालाई रु.७,५००।- का दरले रु. ७,४२,५००।- प्रोत्साहन भत्ता वितरण गरेको छ । कानूनी तथा वार्षिक बजेटमा उल्लेखित व्यवस्था बेगर भत्ता वितरण गर्दा पालिकालाई थप व्ययभार सिर्जना भएको छ । यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ । | |
| ३८ | | | **फिल्ड भत्ताः**<br><br>आयकर ऐन, २०५८ अनुसार भत्तामा १५ प्रतिशत कर कट्टा गर्नुपर्नेमा निम्न कर्मचारीलाई फिल्ड भत्ता भुक्तानी गर्दा १ प्रतिशत मात्र कर कट्टा गरेकोले नपुग कर असूल हुनुपर्ने रु.<br><br>कर्मचारी नाम थर \| फिल्ड भत्ता \| कर रकम \| कट्टि रकम \| नपुग कर कट्टि रकम<br>अ सव ई श्री गिरिजा रोकाय \| २६००० \| ३९०० \| २६० \| ३६४० | ३,६४० |

<table>
<tr><td></td><td></td><td></td><td>(प्रारम्भिक प्रतिवेदन उपर असूल भएको आधारमा मिति २०७९।१२।२० को निर्णयबाट रु.३६,९६० ।- सम्परीक्षण गरिएको ।)</td><td></td></tr>
<tr><td>३९</td><td></td><td></td><td>वडा तथा शाखागत खर्चः<br><br>पालिकाका हरेक आर्थिक कारोबार एकद्धार प्रणालीमार्फत क्रियाकलापमा आधारित रहि खर्च गर्नुपर्दछ । पालिकाले वडा तथा विभिन्न शाखामा शाखावाइज बजेट व्यवस्था गरी बजेट खर्च गरेको देखिन्छ । भ्रमणको औचित्य पुष्टि हुन नसक्ने कार्यमा समेत बजेट खर्च भएको छ । विभिन्न वडा तथा शाखामा रहेका कर्मचारी तथा पदाधिकारीले व्यक्तिगत प्रयोजनाको लागि खर्च गरेको रिचार्ज जस्ता सञ्चार खर्चको बिलसमेत पेश गरी भुक्तानी लिएको देखिन्छ । शाखालाई आवश्यक पर्ने जिन्सी मालसामानहरु शाखावाइज खरिद गरी सम्बन्धित शाखामा दाखिला गर्ने गरेको छ । यसरी शाखावाईज बजेट खर्च गर्दा खर्चमा पारदर्शिता, मितव्यायिता तथा नियन्त्रण कायम गर्न कठिन हुने देखिन्छ । तसर्थ बजेटलाई विभिन्न शाखामा टुक्रा पारी खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४०</td><td></td><td></td><td>छात्रवृत्तिः<br><br>कुनै पनि कार्यक्रम सञ्चालन गर्दा ऐन, नियम, कार्यविधि तथा प्रचलित कानुन बमोजिम गर्नुपर्दछ । पालिकाले देहायका विद्यार्थीको लागि छात्रावृत्ति अनुदान भुक्तानी गरेकोमा कुनै पनि कानुन तथा कार्यविधि निर्माण गरेको छैन । कुनै पनि कानूनी प्रक्रिया पुरा नगरी उक्त रकम भुक्तानी दिनमिल्ने नदखिएको रु.<br>
<table>
<tr><th>गो.भौ.नं./मिति</th><th>विद्यार्थिको नाम</th><th>कार्य विवरण</th><th>छात्रवृत्ति रकम</th></tr>
<tr><td>२७८-०७९|०१|०६</td><td>गणेश ढकाल</td><td>कला संस्कृति अध्यायन</td><td>१२५०००</td></tr>
<tr><td>७०-०७८|०७|१५</td><td>विपना राना मगर</td><td>एच ए अध्यायन</td><td>१०००००</td></tr>
<tr><td>७०-०७८|०७|१५</td><td>मिलन कुमार रोकाय</td><td>ईञ्जिनियर अध्यायन</td><td>२०००००</td></tr>
</table></td><td>५२५,०००</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>मोहन ढकाल</td><td>जियोमेटिक ईञ्जिनियर अध्यायन</td><td>१०००००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>५२५०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४१</td><td></td><td></td><td>जिन्सी निरिक्षणः<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ मा व्यवस्था भए बमोजिम प्रत्येक आर्थिक वर्ष कार्यलयमा भएका र खरिद गरिएका मालसामानको मौजुदा अवस्थाको सम्वन्धमा कम्तीमा वर्षको एक पटक कम्तिमा तीन सदस्यीय समितिको गठन गरी सो समितिबाट निरिक्षण गरी जिन्सी मालसामानको लागत राख्नु पर्ने व्यवस्था गरेको छ । पालिकाले आ.व २०७८।०७९ मा जिन्सी निरिक्षण समिति गठन गरेको देखिएन, कुन जिन्सी मालसामान को अवस्था के कस्तो छ, मर्मत सम्भार गर्नु पर्ने वा नपर्ने, मर्मत सम्भारबाट पुन: प्रयोगमा आउने हो वा होईन, लिलाम तथा मिन्हा गर्नु पर्ने अवस्थाका मालसामान छ छैन , कुनै निरिक्षण प्रतिवेदन बनाएको छैन । जिन्सी सामानको चुस्तदुरुस्त लागत राखी सरकारी सम्पतीको सुरक्षा र संरक्षण गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>४२</td><td></td><td></td><td>मध्यकालिन खर्च संरचनाः<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ३ अनुसार आगामी आवधिक योजनाको आधारमा प्रत्येक आर्थिक वर्षमा तीन वर्ष अवधिको मध्यकालिन खर्च संरचनाको खाका तयार पारी आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यकालिन खर्च संरचना तयार गर्नु पर्ने प्रावधान रहेको छ । मध्यकालिन खर्च संरचनामा आगामि तीन वर्षको समष्टिगत वित्त खाका, बजेट तथा कार्यक्रमको खाका र नतिजाको खाकाको साथै उत्पादनमुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, दिगो विकास, वातावरणीय संरक्षण र सम्वर्द्धनमा सघाउ पुऱ्याउने किसिमको आयोजनालाई प्राथामिकता दिएर प्रस्तावित आयोजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, क्रियाकलापको अनुमानित प्रति इकाई लागत, आयोजना वा कार्यक्रम सञ्चालनमा लाग्ने</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | अनुमानित समय तथा सो बाट प्राप्त हुन सक्ने प्रतिफल समेत खुलाई प्रत्येक आयोजना वा कार्यक्रको प्राथामिकरण गर्नु पर्दछ । पालिकाले यसआर्थिक वर्षमा आगामी तीन आर्थिक वर्षको खर्च संरचना तयार पारेको छैन । मध्यकालिन खर्च संरचना तयार गरी कार्यन्वयनमा ल्याउन पर्छ । | |
| ४३ | | | **आन्तरिक लेखापरिक्षणबाट कायम बेरुजुः**<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा ३३(८) वमोजिम आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश भएका व्यहोरा अन्तिम लेखापरीक्षण हुनु अगावै फर्स्यौट तथा सम्परिक्षण गराउनु पर्ने तथा दफा ३३(९) वमोजिम आन्तरिक लेखापरीक्षणको सुझावहरुको सम्वन्धमा कारण सहित हटाएकोमा वाहेक अन्य सुझावहरुलाई अन्तिम लेखापरीक्षण प्रतिवेदमा समावेश गर्नुपर्ने व्यवस्था अनुरुप आन्तरिक लेखापरीक्षणमा देखिएका व्यहोरा हालसम्म फर्स्यौट नभएकोले निम्नानुसार कायम गरिएको छ । | |
| ४३.१ | | | पालिकामा एम्बुलेन्स र जे.सि.वी प्रयोगमा रहेका छन् । पालिकामा प्रयोगमा रहेका एम्बुलेन्स र जे.सि.वि को वार्षिक आम्दानी क्रमश रु.४७,०००।- र रु. ४,४६,२९१।- रहेको छ। पालिकाले प्रयोगमा रहेका सवारी साधनमा के कति मर्मत खर्च र ईन्धन खर्च गर्यो भन्ने प्रष्ट आधार सिर्जना गरी अभिलेख राखेको छैन । संचालित सवारी साधन बाट के, कति आम्दानी र खर्च भएको त्यसको यथार्थ विवरण राखेको देखिदैन । पालिकामा रहेका सवारी साधन प्रयोगबाट भएको आय तथा व्यय को यथार्थ झल्कने आर्थिक विवरण तयार गर्नु पर्दछ । | |
| ४३.२ | | | आ.व २०७७।०७८ मा पशुविकास शाखाको वार्षिक कार्यक्रम अन्तर्गत भैसिको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम को रु.१,५१,०७६।- मध्ये सन्जीवनी कृषि तथा पशुपंक्षी फर्मलाई रु.५०,०००।- साझेदारीमा उन्नत जातको राँगा खरिदको लागि भुक्तानी गरेको भरपाई मात्र संलग्न भएकोले रु. १,०१,०७६।-को विल भरपाई भएको नदेखिएकोले असुल गर्नु पर्ने रु. | १०१,०७६ |
| ४३.३ | | | | |
| ४३.४ | | | सामुदायिक विद्यालयमा अध्यनरत किशोरावस्थाका छात्राहरुलाई महिनावारीका समयमा आवश्यक पर्ने महिनावारी व्यवस्थापन सामाग्री उपलब्ध गराई उनीहरुको स्वास्थ्यमा सुधार गरी सोहि कारणवाट विद्यालय छाड्ने समस्या समाधान गर्न, गुणस्तरीय शिक्षाको प्रत्याभुति गर्न सामुदायिक विद्यालयमा अध्यनरत छात्राहरुको लागि स्थानीय | |

| | | | | |
|---|---|---|---|---|
| | | | तहले सेनिटरी प्याड खरिद गरी निःशुल्क वितरण गर्नु पर्ने व्यवस्था रहेको छ । सोहि अनुरुप पालिकाले आ.व २०७८।०७९ मा कोटेशन मार्फत रु. १४,३१,९५१।- को बजेट टुक्रापारी आपूर्तिकर्ता बोहोरा फार्मेसिबाट रु.९,४४,१८९।- को र आत्रेय सेनिटरी प्याडमार्फत रु.३,८२,१९५।- गरी कर सहित रु.१४,३१,९५१।- को खरिद गरेको छ । कार्यविधि बमोजिम यसको गुणस्तर पर्याप्त भए नभएको, सुरक्षित तवरवाट भण्डारण भए नभएको , छात्राहरुको आवश्यकता अनुसार वितरण भए नभएको, महिनावारी स्वास्थ्य र किशोरी स्वास्थ्यका विषयमा छात्राहरुलाई जानकारी दिए नदिएको, कुनै आधार देखिदैन । साथै कुन विद्यालयमा के कति मात्रामा प्याड वितरण भएको हो त्यसको भरपाई, वितरण भएका प्याड प्रयोगको अवस्था के कस्तो रहेको छ, फोटा सहितको अनुगमन समितिको प्रतिवेदन समावेश भएको छैन । सेनिटरी प्याड वितरण तथा व्यवस्थापनमा कार्यविधिमा भए बमोजिम कार्य गर्नु पर्दछ । | |
| ४३.५ | | | प्रधानमन्त्रि रोजगार कार्यक्रम अन्तर्गत दोमेल वन गोरेटो बाटो निर्माण, महाबु- ५ कार्यक्रमको कुल विनियोजित रकम रु.२,३०,८००।- मा प्राविधिक मुल्याङ्कन तथा लागत अनुमानको आधारमा कार्यसम्पन्न विल अनुसार भुक्तानी हुनु पर्ने रकम रु.१,८२,८१६।८६ मा विनियोजित रकम नै भुक्तानी भएको देखिन्छ । यसर्थ प्राविधिक मुल्याङ्कनको आधार भन्दा बढी भुक्तानी भएकोले दोमेल वन गोरेटो बाटो निमार्ण उपभोक्ता समितिबाट असुल गर्नु पर्ने रकम रु. | ४७,९८४ |
| ४३.६ | | | **जाली खरिदः** ✂ ........... ***(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।११।२० को निर्णयबाट रु.१,००,००० ।- सम्परीक्षण गरिएको ।)*** | ० |
| ४३.७ | | | लघुउद्यम विकास कार्यक्रम अन्तर्गत पालिकाले संचालन गरेको रु.७,४६,९२९।- को कार्यक्रममा बजेट शीर्षक अन्तर्गत कुन शिर्षकबाट के कति रकम विनियोजन भई खर्च भएको हो स्पष्ट आधार देखिएन । कार्यक्रममा जिन्सी सामान खरिद भएको देखिए पनि खरिद आदेश, दाखिला प्रतिवेदन तथा कार्यक्रमको प्रगति प्रतिवेदन, अनुगमन तथा नियन्त्रण भए नभएको, कार्यविधि बमोजिम खर्च भए नभएको स्पष्ट आधार देखिदैन । कार्यक्रम अनुसार श्रेष्ता,तथा विलभरपाई सिलसिलेवार रुपमा व्यवस्थित गरी राख्नु पर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| ४३.८ | | | उद्यम विकास कार्यक्रम अन्तर्गत संचालित तरकारी सीप विकास तालिममा रु. २,१५,२२५।- खर्च भएकोमा कार्यक्रममा वीउ विजन खरिद गरेकोमा वितरण भरपाई तथा उक्त कार्यक्रमबाट उद्यम व्यवसायीलाई भएको लाभ, प्रगति प्रतिवेदन पेश भएको देखिदैन । वीउविजन वितरण भरपाई तथा कार्यक्रम प्रगति प्रतिवेदन संलग्न गरी नियमित गर्नु पर्ने रु. | २१५,२२५ |
| ४३.९ | | | प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संचालित गोठीखोला सिंचाइ कुलो निर्माण, महाबु- ३ को बजेट रु. १,७३,१००।०० रहेको मा प्राविधिक मुल्याङ्कन तथा लागत अनुमान तथा अन्तिम विल पेश नगरी प्रष्ट आधार बेगर भुक्तानी भएको छ । प्राविधिक लागत अनुमानको आधारमा उक्त योजनामा के कति रकम खर्च भएको हो प्राविधिकको लागतका आधारमा अन्तिम विल पेश गर्ने अन्यथा असुलगर्नु पर्ने रकम रु. | १७३,१०० |
| ४३.१० | | | अध्यक्ष रोजगार कार्यक्रम अन्तर्गत खैले शिव मन्दिर निर्माण, महाबु- १, विनियोजित रकम रु.१,५०,०००।- मध्ये प्राविधिक मुल्याङ्कनको आधारमा कार्यसम्पन्न विल अनुसार रु.१,०२,५४९।- भुक्तानी हुनु पर्नेमा विनियोजित रकमका आधारमा भुक्तानी भएको देखिएकोले असुल गर्नु पर्ने रु. | ४७,४५१ |
| ४३.११ | | | पालिकामा संचालित अध्यक्ष रोजगार कार्यक्रमको कुल विनियोजित बजेट रु. ५०,००,०००।- मध्ये, कार्यलय व्यवस्थापन खर्च रु.१,५०,०००।-, विविध खर्चमा रु. २,१२,५००।-, श्रमिकको ज्याला भुक्तानी रु. ३९,००,०००।- कन्टीजेन्सी खर्च तथा प्राविधिकको तलव भत्ता रु. २,५०,०००।- तथा सामाग्री खरिद रु.४,८७,५००।- खर्च लेखेकोमा रु.३,८७,९७१।- को मात्र बिल भरपाई पेश गरेकोले बिल भरपाई भन्दा बढी खर्चको प्रमाण पेश हुनुपर्ने अन्यथा असूल हुनुपर्ने रु. | ९९,५२९ |
| ४३.१२ | | | बहुक्षेत्रिय पोषण सम्वन्धि कार्यलय व्यवस्थापन तथा संचालनमा छुट्याइको कुल बजेट रु.१,५०,०००।- मा ल्यापटप खरिद रु.९०,४२०।- को विल भरपाई पेश भएकोमा बाँकी रु.५९,५८०।- को विल भरपाई पेश नभएकोले असुल गर्नु पर्ने रु. | ५९,५८० |
| ४३.१३ | | | **विपद ब्यवस्थापनः** पालिकाले आ.व २०७८।०७९ मा विपद व्यवस्थापन वापत रु.३१,२२,८११।- खर्च देखाएको छ । अधिकाशं खर्च बाढी, पहिरो, कोभिड, राहत जस्ता क्षेत्रमा खर्च देखाए पनि स्थानीय निति, कानुन, मापदण्ड, योजनको कार्यान्वयन, अनुगमन र नियमन गरेको छैन । स्थानीय विपद पूर्व तयारी तथा पूर्व सूचना प्रणाली खोज तथा उद्धार, राहत सामाग्रिको पूर्व भण्डारण वितरण र समन्वय गरेको देखिदैन । विपद जोखिम क्षेत्रको तटवन्ध, नदी तथा पहिरोको नियन्त्रण तथा विपद जोखिम क्षेत्रको पहिचान, विपद जोखिम न्युनिकरण सम्वन्धी स्थानीय स्तरका | |

<table>
<tr><td></td><td></td><td></td><td>आयोजनाको तर्जुमा कार्यान्वयन अनुगमन र नियमन, विपद पछि स्थानीय स्तरको पुन:स्थापना र पुन:निर्माण, विपद सम्वन्धी कार्यक्रम संचालन गरेको देखिदैन । विपद व्यवस्थापन सम्वन्धी पालिका स्तरमा सचेतना कार्यक्रम संचालन गरी विपद जोखिम न्यूनिकरण कार्यमा पालिकाले सहयोग गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४३.१४</td><td></td><td></td><td>अनुगमन भत्ताः<br><br>.......... (प्रारम्भिक प्रतिवेदन उपर असूल पेश भएको आधारमा मिति २०७९।१२।२० को निर्णयबाट रु.१२,००० ।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>४३.१५</td><td></td><td></td><td>स्वास्थ्य शाखाबाट संचालित विविध कार्यक्रम अन्तर्गत CB-IMCI कार्यक्रम रु. ६०,०००|- मा रु. ५२,०००|- को विल भरपाई पेस भएको देखिन्छ । कार्यक्रम संचालन बमोजिम रु.८,०००|- को स्टेशनरी विल भरपाई अपुग भएकोले असुल गर्नुपर्ने रु.</td><td>८,०००</td></tr>
<tr><td>४४</td><td></td><td></td><td>पेश्की बाँकी :<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा पेश्की दिएको रकम म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने एवं दिने दुबैको कर्तव्य हुने कुरा उल्लेख छ । कार्यालयले उपलब्ध गराएको पेश्की बाँकीको विवरण अनुसार आर्थिक वर्षको अन्तसम्म फछ्र्यौट हुन बाँकी रहेको निम्नानुसार पेश्की रकम नियमानुसार फछ्र्यौट गर्नुपर्ने रु
<table>
<tr><td>सि.नं.</td><td>पेश्की लिएको मिति</td><td>गो. भौ. न.</td><td>पेश्कीको विवरण</td><td>पेश्की लिनेब्यक्ती, फर्म वा कम्पनीको नाम</td><td>रकम</td><td>फर्छ्यौटको अन्तिमम्याद</td></tr>
<tr><td>१</td><td>२०७८/०९/०८</td><td>३९</td><td>मातृ तथानवशिशु कार्यक्रम</td><td>खरिगैरास्वास्थ्यचौकी महावु १</td><td>१,४०,०००.००</td><td>२०७८/१०/१३</td></tr>
</table></td><td>१,७३८,०००</td></tr>
</table>

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | २०७८/०९/०८ | ३९ | मातृ तथानवशिशु कार्यक्रम | श्रीकाशिकाँध स्वास्थ्यचौकी महावु ५ | २,५०,०००.०० | २०७८/१०/१३ |
| ३ | २०७८/०९/०८ | ३९ | मातृ तथानवशिशु कार्यक्रम | श्रीबडाखोला स्वास्थ्य चौकी महावु ३ | ८०,०००.०० | २०७८/१०/१३ |
| ४ | २०७८/०९/०८ | ३९ | मातृ तथानवशिशु कार्यक्रम | श्री बाँसीस्वास्थ्य चौकी महावु ३ | ४,००,०००.०० | २०७८/१०/१३ |
| ५ | २०७८/०९/०८ | ३९ | मातृ तथानवशिशु कार्यक्रम | श्रीरानीवन स्वास्थ्यचौकी महावु ४ | १,८०,०००.०० | २०७८/१०/१३ |
| ६ | २०७८/०९/०८ | ३९ | मातृ तथानवशिशु कार्यक्रम | श्रीसामुदायिक स्वास्थ्य इकाइ एराडी महावु २ | २८,०००.०० | २०७८/१०/१३ |
| ७ | २०७८/०९/०८ | ३९ | मातृ तथानवशिशु कार्यक्रम | श्रीसामुदायिक स्वास्थ्य इकाइ गिताचौर महावु ४ | ५०,०००.०० | २०७८/१०/१३ |
| ८ | २०७८/०९/०८ | ३९ | मातृ तथानवशिशु कार्यक्रम | श्रीसामुदायिक स्वास्थ्य इकाइ टाकुरी महावु ६ | ५०,०००.०० | २०७८/१०/१३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९ | २०७८/११/३० | २ | मातृ तथानवशिशु कार्यक्रम | श्रीकाशिकाँध स्वास्थ्यचौकी महावु ५ | १,२०,०००.०० | २०७९/०१/०७ |
| १० | २०७८/११/३० | २ | मातृ तथानवशिशु कार्यक्रम | श्रीखरिगैरा स्वास्थ्यचौकी महावु १ | ६०,०००.०० | २०७९/०१/०७ |
| ११ | २०७८/११/३० | २ | मातृ तथानवशिशु कार्यक्रम | श्री बाँसीस्वास्थ्य चौकी महावु ३ | १,५०,०००.०० | २०७९/०१/०७ |
| १२ | २०७८/११/३० | २ | मातृ तथानवशिशु कार्यक्रम | श्रीरानीवन स्वास्थ्यचौकी महावु ४ | ६०,०००.०० | २०७९/०१/०७ |
| १३ | २०७८/११/३० | २ | मातृ तथानवशिशु कार्यक्रम | श्रीवडाखोला स्वास्थ्यचौकी महावु २ | ५०,०००.०० | २०७९/०१/०७ |
| १४ | २०७८/११/३० | २ | मातृ तथानवशिशु कार्यक्रम | श्रीसामुदायिक स्वास्थ्य इकाइ ऐराडी महावु २ | ५०,०००.०० | २०७९/०१/०७ |
| १५ | २०७८/११/३० | २ | मातृ तथानवशिशु कार्यक्रम | श्रीसामुदायिक स्वास्थ्य इकाइ गिताचाैर महावु ४ | ३०,०००.०० | २०७९/०१/०७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १६ | २०७८/११/३० | २ | मातृ तथानवशिशु कार्यक्रम | श्रीसामुदायिक स्वास्थ्य इकाइ टाकुरी महावु ६ | ४०,०००.०० | २०७९/०१/०७ |
| जम्मा | | | | | १७,३८,०००.०० | |

| क्र.सं. | | | विवरण | रकम |
|---|---|---|---|---|
| ४५ | | | **स्थानीय तथा मंहगि भत्ताः** | ३८१,६०० |

अर्थ मन्त्रालयको मिति २०७९।०१।२१ को संघीय मामिला तथा सामान्य प्रशासनलाई लेखेको पत्रमा महंगी भत्ता सम्बन्धमा कुनै पनि कानूनी व्यवस्था भएको नपाइएकोले करारमा कार्यरत कर्मचारीहरुलाई महंगी भत्ता उपलब्ध गराउन नसकिने निर्देशन गरेको छ । साथै करार संझौता गर्दा तलब, पर्व खर्च र पोशाक खर्च बाहेक अरु सुविधा नपाउने गरी बढिमा छ महिनाको समय अवधि राखी करार संझौता गर्नुपर्दछ । पालिकाले देहायबमोजिम करार संझौता अन्तर्गत कार्यरत कर्मचारीलाई महंगी, फिल्ड र स्थानीय भत्ता दिन मिल्ने नदेखिएकोले असुल गर्नुपर्ने रु.

| सि.नं. | कर्मचारी | मंहगि भत्ता | प्रोत्साहन भत्ता/ स्थानीय भत्ता | जम्मा |
|---|---|---|---|---|
| | टिका कुमारी रोका | ० | १०५६०० | १०५६०० |
| | राज कुमार हमाल | २४००० | ० | २४००० |
| | टोप बहादुर थापा मगर | २४००० | ४८००० | ७२००० |
| | प्रकाश खत्री | | ६०००० | ६०००० |
| | तेज बहादुर हमाल | | ६०००० | ६०००० |
| | हरी कुमार बुढा | | ६०००० | ६०००० |

| | | | | |
|---|---|---|---|---|
| | | | <table><tr><td></td><td>जम्मा</td><td>४८०००</td><td>३३३६००</td><td>३८१६००</td></tr></table> | |
| ४६ | | | **खाना तथा विविध खर्चः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु. ११,२३,०००।०० खर्च गरेको छ । चालु प्रकृतिका यस्ता खर्चको मापदण्ड बनाई मितव्यायी हुनेगरी खर्च गर्नुपर्दछ । | |
| ४७ | | | **स्थानीय तहका पदाधिकारी सुविधा:**<br><br>कर्णाली प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट यस वर्षको सेवा सुविधा रु. ४६,७८,८१६।६७ र वैठक भत्ता वापत रु. २५,७६,४८९।०० गरी जम्मा रु. ७२,५५,३०५।६७ सुविधा वापत भुक्तानी भएको छ । | |
| ४८ | | | **अध्ययन प्रतिबेदनः** | |
| ४८.१ | | | **स्वास्थ्य क्षेत्रको अवस्था अध्ययनः** स्वास्थ्य मन्त्रालय तथा स्वास्थ्य सेवा विभागले स्वास्थ्य क्षेत्रमा प्रवाह हुने सेवा तथा तथा त्यसको प्रभाव मुल्यांकन तथा विश्लेषण गर्न विभिन्न किसिमका HMIS फर्मको ढाँचा तयार गरेको छ । प्रत्येक स्थानीय तहले महिला स्वास्थ्य स्वंय सेवाका तथा स्वास्थ्य सेवाका कर्मचारीमार्फत मासिक, त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक HMIS भर्ने र स्वास्थ्य सेवा विभागलाई अनिवार्य पठाउनुपर्ने व्यवस्था गरेको छ । सो वमोजिम पालिकाले कार्यक्रम संचालन विवरण तयार गरेको देखियो । तर सोही कार्यको प्रतिवेदन तयार गर्न ग्रामिण युवा सरोकार केन्द्रलाई यस वर्ष रु. ९,८५,९२८।- भुक्तानी गरेको छ । पालिकाले तयार गरेको स्वास्थ्य विवरण तथा सेवाको वारेमा अनुगमन मुल्यांकन तथा सोको विश्लेषण प्रत्येक स्वास्थ्य संस्थावाट प्राप्त HMIS फारम अनुसार | |

| | | | | |
|---|---|---|---|---|
| | | | स्वास्थ्य शाखा संयोजकले स्वीकृत गरिरहेको सन्दर्भमा सोही तथ्यांकमा परामर्श सेवा खरिदमा खर्च गर्नु उचित देखिएन । | |
| ४८.२ | | | पालिकाको शिक्षा सम्वन्धी तथ्यांक संकलन, विश्लेषण तथा सोको प्रतिवेदन तयार गर्ने सम्वन्धित निकायमा पेश गर्ने जिम्मेवारी शिक्षा शाखा संयोजक हुने उल्लेख छ । यस वर्ष पालिकामा शिक्षाको अवस्था सम्वन्धी अध्ययन विश्लेषण तथा सोको प्रतिवेदन तयार गर्न परामर्शदाता पसेवा हेडलाईट प्रा.लि.ले शिक्षाको अवस्था सम्वन्धि अध्ययन प्रतिवेदेन तयार गरे वापत रु.९,५८,९२८।- भुक्तानी गरेको छ । उक्त परामर्शदाताले पेश गरेको प्रतिवेदन अनुसार सम्पूर्ण विवरण विद्यालयले नियमित भर्ने IEMIS डाटा वाट रहेको देखिएको पालिकामा नियमित प्राप्त हुने तथ्यांकको विश्लेषण गरी परामर्शदातालाई खर्च लेखेको उचित देखिएन । | |
| ४९ | | | **बैकल्पिक उर्जाः** | |
| ४९.१ | | | ✂ **..........** ***(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।२० को निर्णयबाट रु.५२,००,००० ।- सम्परीक्षण गरिएको ।)*** | ० |
| ४९.२ | | | ✂ **..........** ***(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।२० को निर्णयबाट रु.९,९३,८३५ ।- सम्परीक्षण गरिएको ।)*** | ० |
| ५० | | | **गैडाबाज काँसिकाध गोर्ती सडकः**<br><br>गाउँपालिकाले गैडाबाज काँसिकाध गोर्ती सडक निर्माण गर्न लागत अनुमान रु. ९८,७१,६९०।०० भएको कार्य इ विडवाट जय माँ स्वर्गद्वारी निर्माण सेवासँग रु. ३२,६५,८४२।०५ (मुल्य अभिवृद्धि कर वाहेक) मा मिति २०७८।९।७ मा सम्झौता गरि २०७९ असार मसान्त भित्र कार्य सक्ने गरि कार्यदेश दिएको देखियो । साथै ठेक्का गर्दा वचत भएको रकमवाट सोही सडकमा थप काम गर्न लागत अनुमान रु. ५८,९९,६१८।०० (मुल्य | |

<table>
<tr><td></td><td></td><td></td><td>अभिवृद्धि कर वाहेक) तयार गरी पुन अर्को ठेक्का ए.वि.महावु कन्स्ट्रक्सनसँग रु. २९,५५,१५४।०० मा सम्झौता गरी कार्यादेश दिएको छ । सो सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार छन ।</td><td></td></tr>
<tr><td>५०.१</td><td></td><td></td><td>निर्माण अधुरोः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० अनुसार समयमा निर्माण कार्य सम्पन्न हुन नसक्ने भएमा निर्माण व्यवासयीले म्याद सकिने मितिले २१ दिन अगावै म्याद थपको निवेदन पेश गर्नुपर्ने व्यवस्था छ । प्रदेश समपुरक कार्यक्रम अन्तरगत संचालन भएको योजनामा पालिकाले यस सडकमा दुई ठेक्का गरेकोमा उक्त कार्यको म्याद असार मसान्त सम्म भएकोले सो अवधि सम्ममा भएको कार्यको मात्र मुल्यांकन गरी भुक्तानी गरेको छ । हालसम्म उक्त कार्यको म्याद थप गर्नेतर्फ पालिका समेत मौन रहेकोले उक्त योजना अलपत्र परेको देखिन्छ । स्रोतको सुनिश्चित नगरी निर्माण कार्य शुरु गरेकोले योजना सम्पन्न हुन नसकेको देखिएकोले थप बजेट व्यवस्था गरी उक्त कार्य सुचारु गर्नुपर्ने देखिन्छ । निर्माण कार्य अधुरो गरी छाड्ने सम्बन्धित सवैलाई जिम्मेवार बनाउनुपर्दछ ।
<table>
<tr><th>ठे नं</th><th>योजनाको नाम</th><th>लागत अनुमान</th><th>निर्माण व्यवसायी</th><th>कवोल रकम</th><th>हाल सम्मको भुक्तानी</th></tr>
<tr><td>२- ०७८।७९</td><td>गैडाबाज काँसिकाध गोर्ती सडक</td><td>९८७१६९०</td><td>जय माँ स्वर्गद्वारी निर्माण सेवा</td><td>३२६५८४२</td><td>१२७४१२४</td></tr>
<tr><td>७- ०७८।७९</td><td>गैडाबाज काँसिकाध गोर्ती सडक</td><td>५८९९६१८</td><td>ए.वि.महावु कन्स्ट्रक्सन</td><td>२९५५१५४</td><td>२५०३१०८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५०.२</td><td></td><td></td><td>एउटै चेनेजमा दुई ठेक्का : सडक निर्माण गर्दा सकडको उपयुक्त चेनेज निर्धारण गरी सोही वमोजिमको लागत अनुमान तयार गरी कानुन वमोजिम निर्माण गर्नुपर्दछ । सडक निर्माण गर्न चेनेज ०+००० देखि ६+९०० सम्मको</td><td>२,५०३,१०८</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | सडक निर्माणको २ वटा छुट्टा छुट्टै लागत अनुमान तयार गरी सोही अनुसार फरक ठेक्का गरेको छ । एउटा सडकको फरक फरक चेनेज कायम गरी निर्माण ठेक्का गर्नुपर्नेमा दुई ठेक्काको चेनेज ०+००० देखि नै कायम भएकोले उक्त कार्य दोहोरोपना हुने देखिएकोले सो सम्वन्धमा चेनेज कायम गर्ने इन्जिनियर लगायत प्राविधिकलाई जिम्मेवार वनाउनुपर्दछ । सो योजनामा दोहोरो गरी भुक्तानी भए नभएको सम्बन्धमा त्यँहा पालिकाबाट छानबिन गरी दोहोरो भुक्तानी नहुने प्रमाण पेश गर्नुपर्ने रु. | |
| ५१ | | | **स्वास्थ्य चौकी भवन निर्माणः**<br><br>सार्वजनिक निकायले खरिदको आवश्यकता पहिचान गरी बजेट व्यवस्था गरेर खरिद निर्णय गर्नुपर्ने सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ मा व्यवस्था छ । पालिकाले वडा नं ३ मा रहेका बाँसे स्वास्थ्य चौकी निर्माणको लागि एक तल्ले भवनको कुल परिमाणमा लागत तयार गरेपनि रु ३० लाख मात्र बजेट निकासा भएकोले डिपिसि लगायत पिलर समेतको काम मात्र गर्ने गरी मूल्य अभिबृद्धि कर बाहेक रु. २६,२४,३१५।- लागत अनुमान तयार गरी सूचना प्रकाशन गरेको देखियो । उक्त निर्माण कार्यको लागि न्यूनतम कबोल गर्ने सारभुत रुपमा प्रभावग्राही निर्माण व्यवसायी भवानी कालिका कन्स्ट्रक्सन सँग रु.१६,०७,४८६।- मा सम्झौता गरी पिलर सम्मको कामको रु.१४,९७,२१९।- भुक्तानी भएको छ । सम्झौता अनुसार भऱ्याङ्गको काम नगरेको कारण सम्झौता भन्दा कम भुक्तानी भएको अवस्था छ । बचत बजेटबाट सोही स्वास्थ्य चौकीको पर्खाल निर्माण गर्न दररेट माग भएकोमा सोही निर्माण व्यवसायीको दर न्यून भएको कोटेशन संलग्न गरी रु.९,४५,१७०।- थप खर्च गरेको छ । खरिदको आवश्यकता यकिन गरी बजेटको व्यवस्था गरेर एकैपटक खरिद गर्नुपर्नेमा बजेट अभाव देखाई पटक पटक खरिद गरेको नियमसम्मत देखिएन । बाँकी काम बजेटको आधारमा गर्दै जाने पालिकाले जनाएपनि खरिद कृयाकलापमा सुधार गरी बाँकी काम सम्पन्न गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ । | |
| ५२ | | | **ट्रस व्रिज निर्माणः**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सम्पन्न निर्माण कार्यको कार्य स्वीकार प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था छ भने नियमा ११८ अनुसार म्याद थप गर्न सकिने व्यवस्था छ । राबट खोला झोलुङ्गेपुल र | १०६,३३८ |

| | | | | |
|---|---|---|---|---|
| | | | टाकुरी दोभानमा ट्रस ब्रिज निर्माण कार्यको लागि भएको सम्झौता अनुसार समयमा काम सम्पन्न नभई तीन महिनाको कामलाई आर्थिक मन्दी तथा कच्चा पदार्थको आयातको कठिनाई भएको जनाई सम्झौता अवधि ८ दिन बाँकी हुदा निबेदन दर्ता गराएको आधारमा १ वर्ष अर्थात २०७९ अषाढ मसान्त सम्म म्याद थप गरी यस वर्ष आपूर्तिकर्ता न्यू भेरी इन्जिनियरिङ्गलाई झोलुङ्गे पुल को रु.९,१५,८३४।- र ट्रस ब्रिजको रु.१,३७,३६३१।- गरी जम्मा रु.२२,८९,४७७।- भुक्तानी दिएको नियमसम्मत देखिदैन । नियम १२० उपनियम ६ विपरित सम्झौताको ४०० प्रतिशत म्याद थप गरी भुक्तानी भएको उक्त बिलमा मूल्य अभिवृद्धि कर रु.१,०६,३३८।- समावेश भएको उक्त फर्मले हाल सम्म समायोजन गरेको देखिएन । उक्त फर्मले(३०१२८५४४१) ले २०७९।०३।२० मा जारी बिजक नं ४६ र ४७ बाट भुक्तानी लिएको मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १८ बमोजिम समायोजन भएको प्रमाण पेश गर्नुपर्ने रु. | |
| ५३ | | | **मर्मत सम्भार कोषः** | |
| ५३.१ | | | योजनावाट कट्टा गरेको मर्मत सम्भार वापतको रकम सोही योजनाको मर्मत सम्भारमा खर्च गर्नुपर्दछ । पालिकाले मर्मत सम्भार कोष व्यवस्था गरी प्रत्येक योजनावाट सो बापत कोषमा रकम आम्दानी जनाउने गरेको देखिन्छ । कोषमा भएको आम्दानी खर्च गर्ने कार्यविधि तथा मापदण्ड बनाई सो अनुसार मर्मतमा खर्च गर्नुपर्नेमा जेसीबि मर्मत, स्कार्पियो मर्मत तथा एम्वुलेन्स मर्मतमा रु. ६,४९,३९२।- खर्च गरेको देखिएकोले कोष संचालन उद्देश्य अनुरुप भएको देखिएन । कोष सञ्चालन सम्बन्धि कानून बनाएर भात्र आम्दानी खर्च गर्नुपर्दछ । | |

| भौ नं | जे सी वी मर्मत | स्कार्पियो मर्मत | एम्वुलेन्स मर्मत | जम्मा |
|---|---|---|---|---|
| ६ | २०३६३२ | | | २०३६३२ |
| ९ | | ४७२०२ | | ४७२०२ |
| २३ | | | १३०४११ | १३०४११ |
| २२ | ६२३३५ | १८८५७ | | ८११९२ |
| २१ | २५७०४० | १६६१९० | | ४२३२३० |
| १८ | | १४४९७० | | १४४९७० |

<table>
<tr><td></td><td></td><td></td><td><table><tr><td>जम्मा</td><td>३१९३७५</td><td>३३००१७</td><td>१३०४११</td><td>६४९३९२</td></tr></table></td><td></td></tr>
<tr><td>५३.२</td><td></td><td></td><td>जे सी वी संचालन – पालिकामा रहेको एक जेसिवीमा १ जना ड्राइभर, इन्धन तथा मर्मत खर्च भएकोमा सो मेसीनले गरेको आम्दानी तथा कार्यको मुल्यांकन एवं लगसिट तयार नगरेकोले मेशिन संचालन वापत भएको खर्चको लाभ लागत मुल्यांकन गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>५४</td><td></td><td></td><td>कार्य सम्पन्न प्रतिवेदनः<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकृत ड्इङ, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन ।</td><td></td></tr>
<tr><td>५५</td><td></td><td></td><td>सार्वजनिक परीक्षणः<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारदर्शिताको प्रबद्र्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>५६</td><td></td><td></td><td>सुरक्षित नागरिक आवासः</td><td>०</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | ✄ ........... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।२० को निर्णयबाट रु.२०,५८,१०० ।- सम्परीक्षण गरिएको ।)* | |
| ५७ | | | **विद्यालय भवनः**<br><br>✄ ........... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।२० को निर्णयबाट रु.६,९७,५०४ ।- सम्परीक्षण गरिएको ।)* | ० |
| ५८ | | | **अधुरो निर्माणः**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ मा खरिद सम्झौता बमोजिम सम्पन्न भएको कार्य सार्वजनिक निकायले स्वीकार गरेपछि निर्माण व्यवसायीलाई शर्त बमोजिम भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिका अन्तर्गतको भगवती माध्यमिक विद्यालयको भवन निर्माणको लागि लागत अनुमान मूल्य अभिवृद्धि कर समेत रु. ४१,७७,८४०।६१ भएकोमा निर्माण व्यवसायी के.वि कन्स्ट्रक्सनसँग रु.३६,६२,८०५।८६ मा २०७९।०३।३० मा सम्पन्न गर्ने गरी २०७९।०१।०९ मा सम्झौता भएको पाईयो । सम्झौताको ३ महिनामा सम्पन्न गर्ने गरी सम्झौता भएको उक्त भवनको जम्मा रु.९,४४,६९०।- मात्र काम गरेकोमा ठेक्का सम्पन्न भएको जनाई भुक्तानी दिएको छ । सम्झौताको २२.६१ प्रतिशत काम गरेरमात्र निर्माण शर्त पुरा हुने देखिदैन । यस्तो अवस्थामा समेत कुनै कारण नखुलाई ठेक्का सम्झौतालाई निरन्तरता नदिएको नियमसम्मत देखिदैन । तुलनात्मक चार्ट र मूल्याङ्कन समितिको राय सहितको फाइल पेश नभएबाट उक्त निर्माण कार्यमा फ्रन्टलोडिङ्ग भए नभएको समेत विश्लेषण गर्ने अवस्था भएन । नियमावलीको नियम १२० र १२८ को प्रयोजन उपयोग नै नगरी ठेक्का सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई नियम १२८ अनुसार सम्झौता उलंङ्घन उपचार मार्फत अधुरो निर्माण सम्पन्न गराउनु पर्दछ । | |
| ५९ | | | **वढी भुक्तानीः**<br><br>सम्पन्न निर्माण कार्यको नाँप अनुसार भुक्तानी दिनुपर्नेमा भगवती माध्यमिक विद्यालय काँशीकाँधको भवन निर्माण कार्यको भुक्तानी गर्दा निम्न काममा घटाउनुपर्ने परिमाण नघटाई गणना गरेको कारण वढी भुक्तानी हुन गएको | १३२,६४६ |

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>तथा वाइरिङ्गको काम नै नगरी भुक्तानी दिएको रकम निर्माण व्यवसायी श्री साई कन्स्ट्रक्सनबाट असूल गर्नुपर्ने रु.<br>
<table>
<tr><th>आइटम</th><th>परिमाण</th><th>दर</th><th>रकम</th></tr>
<tr><td>प्लास्टर</td><td>८६.५५</td><td>२००</td><td>१७३१०</td></tr>
<tr><td>रंगरोगन</td><td>६६.५५</td><td>२२०</td><td>१९०४१</td></tr>
<tr><td>इनामेल पेन्ट</td><td>४.१४</td><td>२५०</td><td>१०३५</td></tr>
<tr><td>वाइरिङ्ग</td><td>LS</td><td>८००००</td><td>८००००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>१३२६४६</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>६०</td>
<td></td>
<td></td>
<td>काशीकाध स्वास्थ्य चौकीः<br><br>
पूर्वनिर्धारित क्षतिपूर्तिः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाईको कारण खरिद सम्झौताको काम तोकिएको समयमा सम्पन्न नभएमा पूर्वनिर्धारित क्षतिपूर्ति लगाई कार्य सम्पन्न गर्नुपर्ने व्यवस्था छ । पालिकाको काँशीकाध स्वास्थ्य चौकी निर्माण गर्न निर्माण व्यवसायी धुलिखेल/जे के जे भी सँग रु. ३,०९,४६,००७।०० (भ्याट बाहेक) मा २०७९।०३।३० मा सम्पन्न गर्ने गरी २०७७।०१।०५ मा सम्झौता भएकोमा हाल सम्म रु. १,३४,७७,५४९।०० भुक्तानी भएकोमा निर्माण सम्पन्न भएको छैन । निर्माण व्यवसायीले रु ७० लाख २० हजार पेश्की लगेकोमा समेत फिर्ता गरेको छैन । उक्त निर्माण कार्यको विमा, अग्रिम भुक्तानी जमानतको म्याद २०७९ असार मसान्तमा नै सकिएकोले पेश्की रकम जोखिममा परेको छ । कार्य सम्पादन जमानत शर्त बमोजिम त्रुटी सच्याउने अवधि खाम्ने गरी नराखेको कारण ०७९ मंसिरमा समाप्त भएको अवस्था छ । शर्त बमोजिम म्याद थप लगायत प्रकृयामा संलग्न नभएबाट निर्माण अधुरो रहेको अवस्था छ । निर्माणको उक्त व्यवस्था बमोजिम</td>
<td>३,०९४,६००</td>
</tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | पूर्वनिर्धारित क्षतिपूर्ति रु. ३,०९,६००।०० तथा पेश्की मा नियमानुसार व्याज समेत गणना गरी असुल गर्नुका साथै नियमा १२८ बमोजिम प्राप्त हुने उपचारमा पालिकाले प्रकृया सुरु गर्नुपर्ने रु. | |
| ६१ | | | **गुणस्तर परीक्षणः**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ र ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान तथा निर्माण कार्यको सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिमार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । | |
| ६२ | | | **सवारी भाडाः**<br><br>पालिकाको मासिक रु.२,१०,०००।०० भाडा भुक्तानी गर्ने गरी जेसिका एण्ड अभियान कन्ट्रक्सनसँग मिति २०७८।०६।१२ मा २०७८ आश्विन १५ देखि लागु हुने गरी २०७८ चैत्र १५ सम्मको लागि भाडामा लिएको छ । साथै विभिन्न कर्मचारी तथा पदाधिकारीले समेत छुट्टा छुट्टै संम्झौता गरी गाडी भाडा भुक्तानी गरेको छ । व्यक्तिगत रुपमा गाडी भाडाको लागि संम्झौता गर्ने कार्यलाई नियन्त्रण गरी एकद्धार प्रणालीबाट संम्झौता गरिनुपर्दछ । पालिकाले गाडी भाडामा लिने संम्झौता गरेको समयमा समेत विभिन्न माल सामानको खरिद पश्चात पालिकासम्म सामान ढुवानीको लागि पटकै पिच्छे भाडा भुक्तानी गरेको हुदा यसरी भुक्तानी गरेको भाडा अनियमित भएको रु. | १,०५०,००० |
| ६३ | | | **रितपूर्वकको कर विजकः** | |
| ६३.१ | | | | |
| ६३.२ | | | मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले रित पूर्कको कर वीजक बेगर देहायका सप्लायर्स तथा निर्माण व्यसायीबाट मुल्य अभिवृद्धि कर रु. २,२६,७१४।- समेत रु.१९,७०,६७६।- निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसासयीले रितपूर्वकको कर बीजक वेगर पालिकाबाट भुक्तानी लिएको मूल्य अभिबृद्धि.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु. | २२६,७१४ |

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><th>गोभौनं./मिति</th><th>कार्यक्रम</th><th>फर्मको नाम</th><th>प्यान नं.</th><th>कर विजकको अवस्था</th><th>भुक्तानी रकम</th><th>मुअकर कर रकम</th></tr>
<tr><td>३२३</td><td>गैडावाज काँसीखण्ड सडक</td><td>लोक निर्माण सेवा</td><td>६०७४०१९८५</td><td>विजक कलर फोटोकपी प्रिन्ट</td><td>९९४१३६</td><td>११४३६९</td></tr>
<tr><td>३५१</td><td>दारेघाट पुरानो आर.सि.सि. मर्मत</td><td>गुरुङ निर्माण सेवा</td><td>६१७१३१७७९</td><td>विजक कलर फोटोकपी प्रिन्ट</td><td>९७६५४०</td><td>११२३४५</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td>२२६७१४</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>६४</td>
<td></td>
<td></td>
<td>
नन्फाइलरः<br><br>
मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मूल्य अभिवृद्धी कर रु. ४३,६९,८६१।- समेत रु. ५,०२,७२६।- भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन् फाईलर रहेको पाइयो । कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु.
<table>
<tr><th>गोभौनं./मिति</th><th>योजनाको नाम</th><th>भुक्तानी पाउनेको नाम</th><th>प्यान नं.</th><th>भुक्तानी रकम</th><th>मुअकर कर रकम</th><th>नन्फाइलर रहेको मिति</th></tr>
</table>
</td>
<td>५०२,७२६.३७</td>
</tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३५३</td><td>घोडामर्चे देखी जुम्लीडाडा सडक</td><td>गंगा जमुना निर्माण सेवा</td><td>६१३२१०९०९</td><td>९९८२२८</td><td>११४८४०</td><td>२०७८ भाद्र</td></tr>
<tr><td>२०</td><td>एकपाटे लामिडाडा टाकुरी सडक</td><td>जय मा स्वर्गद्धारी निर्माण सेवा</td><td>६०२४८००९७</td><td>१५९९२०२</td><td>१८३९७९</td><td>२०७९ वैषाख</td></tr>
<tr><td>२७</td><td>गैडावाज काँसिकाध गोर्ती सडक</td><td>जय मा स्वर्गद्धारी निर्माण सेवा</td><td>६०२४८००९७</td><td>१२७४१२४</td><td>१४६५८०</td><td>२०७९ वैषाख</td></tr>
<tr><td>१००-०९।६</td><td>चालु तर्फ</td><td>जेसिका एण्ड अभियान कन्स्ट्रसन</td><td>६०६६४७४९६</td><td>४९८३०७।१५</td><td>५७३२७।३७</td><td>०७८।M।९</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td></td><td>४३६९८६१</td><td>५०२७२६</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६५</td><td></td><td></td><td>सोझै खरिदः<br><br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु. १० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु. १० लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । पालिकाहरुले निम्नानुसार निर्माण कार्य प्रतिस्पर्धात्मक विधि नपनाइको रु.४७,५९,१४७।- को सोझै खरिद गरेको देखियो । निर्माण कार्यको प्याकेज बनाई प्रतिस्पर्धात्मक विधिबाट खरिद गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><th>गोभौनं.</th><th>कार्यक्रम</th><th>भुक्तानी पाउनेको नाम</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>३२३</td><td>गैडावाज काँसीखण्ड सडक</td><td>लोक निर्माण सेवा</td><td>९९४१३६</td></tr>
<tr><td>३४०</td><td></td><td>पंचकोशी कन्स्ट्रक्सन</td><td>९९१६९९</td></tr>
<tr><td>३५१</td><td>दारेघाट पुरानो आर.सि.सि. मर्मत</td><td>गुरुङ निर्माण सेवा</td><td>९७६५४०</td></tr>
<tr><td>३५२</td><td>पालिकाको पर्खाल निर्माण</td><td>आ.एन.वि. कन्स्ट्रक्सन निर्माण सेवा</td><td>७९८५४४</td></tr>
<tr><td>३५३</td><td>घोडामर्चे देखी जुम्लीडाडा सडक</td><td>गंगा जमुना निर्माण सेवा</td><td>९९८२२८</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>४७५९१४७</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>६६</td>
<td></td>
<td></td>
<td>सफ्टवेयर खरिदः<br><br>नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । पालिकाले योजना, राजस्व, सिफारिस तथा प्रगति सम्बन्धी सफ्टवेयर खरिद गरी विजनेश म्यानेजमेन्ट सर्भिसेज प्रा लि लाई रु.९,९४,४००।- भुक्तानी गरेकोमा खरिद भएको सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।</td>
<td></td>
</tr>
</table>

<table>
<tr><td>६७</td><td></td><td></td><td>स्पेशिफिकेशन उल्लेख नगरि खरिदः<br><br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ११ अनुसार मालसामनको लागत अनुमान तयार गर्दा मालसामानको स्पेशिफिकेशनको आधिनमा रहि तयार गर्नुपर्दछ । पालिकाले फर्निचर खरिदबापत आपूर्तिकर्ता फर्निचर स्टेशन एण्ड अर्डर सप्लायर्सलाई रु.४,१४,७१०।- भुक्तानी गरेको छ । पालिकाले निम्नानुसारको सामान खरिद गर्दा स्पेशिफिकेशन वेगर खरिद गरेको देखिएको र सामान मुल्य अनुसारको लागतको भए नभएको सम्वन्धमा सप्लायर्सले पेश गरेको सामानको निरिक्षण गरी प्रतिवेदन पेश गर्नुपर्नेमा सो समेत भएको नदेखिएकोले स्पेशिफिकेशन वेगरको खरिद कार्यको मुल्य सम्वन्धमा एकिन हुने अवस्था देखिएन ।<br><br>
<table>
<tr><th>सि नं</th><th>सामानको नाम</th><th>परिमाण</th><th>दर</th></tr>
<tr><td>१</td><td>सोफा सेट</td><td>१ सेट</td><td>४२०००</td></tr>
<tr><td>२</td><td>मिटिङ टेवल</td><td>१ सेट</td><td>१४५०००</td></tr>
<tr><td>३</td><td>फेन्सी कार्पेट</td><td>६५ मिटर</td><td>१५००</td></tr>
<tr><td>४</td><td>४ फिट डोर मेट</td><td>१०</td><td>१९५०</td></tr>
<tr><td>५</td><td>मिनि वोस चेयरखन</td><td>१ सेट</td><td>२१०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६८</td><td></td><td></td><td>परामर्श खर्चः</td><td></td></tr>
<tr><td>६८.१</td><td></td><td></td><td>सार्वजनिक खरिद ऐन, २०६३ को नियम दफा २९ ले निकायमा उपलब्ध जनशक्तिबाट हुन नसक्ने कामका लागि परामर्श सेवाबाट गराउन सकिने व्यवस्था छ । सोही ऐनको दफा ४ ले मालसामान निर्माण कार्यको वा सेवा खरिद गर्नु अघि त्यस सम्बन्धी आवश्यकता वा अन्य विवरण तयार गर्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले ताराघाट देखि गैडावाज हुदै काशीकाध सम्मको २४ किलो मीटर सडकको विस्तृत आयोजना प्रतिवेदन तयार गरी पेश भएको</td><td>१,८००,०००</td></tr>
</table>

आधारमा जे.एम.सि.ई ग्रुप अफ कम्पनीलाई रु. १८ लाख भुक्तानी गरेको छ । पालिकाले सडकको चेनेज टुक्याई दुइवटा प्याकेजमा अध्यायन गराएको उक्त सडक पूर्वाधार विकास कार्यालय, दैलेखले समेत सोही चेनेजहरुको अध्यायन गराई ठेक्का संम्झौता गराई सडक निर्माण कार्य नै शुरु गरेको सन्दर्भमा उक्त कार्यको दोहोरो भुक्तानी भएको अवस्था छ । आवश्यकता यकीन नगरी परामर्श सेवा खरिद गर्ने संलग्न पदाधिकारीहरुलाई जिम्मेवार बनाई उक्त रकम असुल फिर्ता गर्नुपर्ने रु.

| **भौ.नं./मिति** | **फर्मको नाम** | **विवरण** | **रकम** |
|---|---|---|---|
| १७३-२०७८/११/१३ | JMCE Groups Of Company | ताराघाट-खरिगैरा-गैडावाज-काशिकाँधसडकको DPR (पहिलोखण्ड) | ५००००० |
| १७५-२०७८/११/१३ | | | ५००००० |
| ८२-२०७८/११/१३ | | ताराघाट-खरिगैरा-गैडावाज-काशिकाँधसडकको DPR(दोस्रोखण्ड) | ८००००० |
| **जम्मा** | | | **१८०००००** |

६८.२

**डीपीआर खर्चः** सार्वजनिक खरिद ऐन, २०६३ मा बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र विस्तृत आयोजना प्रतिवेदन लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराएको छ ।यस्तो कार्य गराउँदा लागत अनुमान बमोजिम नै सम्झौता गरी रु. ३७,६८,१००।- खर्च गरेको छ ।

| **कार्य विवरण** | **परामर्शदाता** | **खर्च रकम** |
|---|---|---|

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><td>सडक निर्माण सम्बन्धी</td><td>JMCE</td><td>१८०००००</td></tr>
<tr><td>शिक्षा विकास सम्बन्धी</td><td>HEADLIGHT PVT KTM</td><td>९८३१००</td></tr>
<tr><td>श्वास्थ्य सुधार सम्बन्धी</td><td>ग्रामीण यूवा सरोकार केन्द्र मुसिकोट रुकुम</td><td>९८५०००</td></tr>
<tr><td>जम्मा:</td><td></td><td>३७६८१००</td></tr>
</table>
यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । बिस्तृत आयोजना प्रतिवेदन तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।
</td>
<td></td>
</tr>
<tr>
<td>६८.३</td>
<td></td>
<td></td>
<td>
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ बमोजिम रु.५ लाख सम्मको परामर्श सोझै खरिद गर्न सकिने उल्लेख छ । पालिकाले रु.५ लाख भन्दा वढीको परामर्श सेवा सूचीकृत गरी माग भएको प्राविधिक तथा आर्थिक प्रस्ताव माग तथा सिलवन्दी माग नगरी सिधै खरिद गरेको देखिएकोले उक्त खर्च अनियमित देखिएको रु.
<table>
<tr><td>शिर्षक</td><td>कार्यक्रम</td><td>भुक्तानी पाउने</td><td>भुक्तानी रकम</td><td>कैफियत</td></tr>
<tr><td>प्रदेश समानिकरण</td><td>शिक्षाको अवस्था सम्वन्धि अध्ययन</td><td>परामर्श सेवा हेडलाईट प्रा लि</td><td>९८३१००</td><td></td></tr>
</table>
</td>
<td>२,९६३,४२८</td>
</tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>संघिय समानिकरण</td><td>स्वास्थ्यको अवस्था सम्वन्धि अध्ययन</td><td>ग्रामिण यूवा सरोकार केन्द्र</td><td>९८५९२८</td><td></td></tr>
<tr><td></td><td>सफ्टवेयर - योजना, राजस्व, सिफारिस प्रगति</td><td>Business Management Services pvt. Ltd</td><td>९९४४००</td><td>कोटेशन माग समेत नगरेको</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>२९६३४२८</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६८.४</td><td></td><td></td><td>वृत्त चित्र निर्माणः<br><br>.......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।२० को निर्णयबाट रु.४,३९,४९९ ।- सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>६९</td><td></td><td></td><td>एकपाटे लामिडाडा टाकुरी सडक<br><br>सडक निर्माण गर्दा सडकको उपयुक्त चेनेज निर्धारण गरी सोही वमोजिमको लागत अनुमान तयार गरेर निर्माण शुरु गर्नुपर्दछ । पालिकाले एकपाटे लामिडाँडा टाकुरी सडक निर्माण गर्न चेनेज ०+००० देखि ६+९०० सम्मको सडक निर्माणको लागत अनुमान मुल्य अभिवृद्धि कर वाहेक रु.४१,९४,७००।- भएकोमा वोलपत्रबाट निर्माण व्यवसायी जय माँ स्वर्गद्वारी निर्माण सेवासँग रु.१५,७३,७१३।७५ मा सम्झौता गरी कार्य गराएको देखियो । वोलपत्र गर्दा वचत भएको रकमवाट पुन: सोही सडकको अर्को ठेक्का गर्दा चेनेज ०+००० देखि ६+९०० सम्मको कायम गरी लागत अनुमान मुल्य अभिवृद्धि कर वाहेक रु.४१,९८,४५१।- को कार्य निर्माण व्यवसायी ए.वि.महावु कन्स्ट्रक्सनसँग रु.१२,८५,३६०।१९ मा सम्झौता गरी कार्य गराएको देखिन्छ । यसरी एउटा सडकको फरक फरक चेनेज कायम गरी</td><td>१,२८५,३६०.१९</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | निर्माण ठेक्का गर्नुपर्नेमा दुई ठेक्काको चेनेज ०+००० देखि नै कायम भएकोले उक्त कार्य दोहोरोपना देखिएको छ । सम्वन्धमा चेनेज कायम गर्ने इन्जिनियर लगायत प्राविधिकलाई जिम्मेवार वनाउनुपर्दछ । सो योजनामा दोहोरो गरी भुक्तानी भए नभएको सम्बन्धमा त्यँहा पालिकाबाट छानबिन गरी दोहोरो भुक्तानी नभएको प्रमाण पेश गर्नुपर्ने रु. | |
| ७० | | | **खरिद अभिलेखः**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ मा हरेक खरिद कारबाहीको लागि छुट्टा छुट्टै फाइल खडा गरी लागत अनुमान, पूर्व योग्यता निर्धारण, बोलपत्र सम्बन्धी कृयाकलाप लगायत खरिद संझौता देखि सम्पन्न प्रगति प्रतिवेदन समेत वनाई फाइल पञ्जिका समेत तयार गरी राख्नुपर्ने व्यवस्था छ । पालिकाले सवै खरिदको फाइल तयार नगर्ने गरेको, तयार गरेको फाइलमा सम्बन्धित सवै कागजात नराखि पञ्जिका समेत तयार नगर्ने गरेको देखिएको छ । यसबाट खरिद सम्बन्धी पूर्ण विवरण उपलब्ध नहुने, प्रमाण कागजात एकिकृत नहुने लगायतका कारणबाट खरिद कार्य प्रभावकारी देखिएन, नियमको उक्त व्यवस्था अनुसार खरिद अभिलेख/फाईल व्यवस्थापन गर्नुपर्दछ । | |
| ७१ | | | **ताराघाट सेरासिचाई कुलो निर्माणः**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ वमोजिम लाभग्राही सामुदायसँग भएको निर्माण कार्यको वास्तविक कार्य तथा प्राविधिक मुल्यांकनको आधारमा भुक्तानी गर्नुपर्दछ । पालिकाले लागत अनुमान रु.१०,५८,५६६।-भएको ताराघाट सेरा सिंचाइ कुलो निर्माण गर्न पालिकाबाट रु.९,५०,०००।- मा लाख व्यहोर्ने गरी सम्झौता भएकोमा उक्त कार्यको भुक्तानीमा मेटल स्टप लग र ट्यास रक वापत रु. १०,०००।- भुक्तानी भएकोमा उक्त सामान खरिद भएको विल तथा पेश भएको फोटोमा समेत जडान भएको नदेखिएकोले उक्त रकममा पालिकाले व्यहोर्ने ९० प्रतिशत रकम रु. ९,०००।०० असूल हुनुपर्ने रु. | ९,००० |
| ७२ | | | **निकासा रोक्काः** | ० |

| | | | | |
|---|---|---|---|---|
| | | | ✂ .......... ***(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।२० को निर्णयबाट रु.६,१२,३८४ ।- सम्परीक्षण गरिएको ।)*** | |
| ७३ | | | **महाबैगाथ मन्दिरः**<br><br>निर्माण कार्यको जिल्ला दररेट नतोकोको तथा नापजाँच गर्न गार्हो हुने कार्य मात्र लमसममा राख्नुपर्दछ । महाबैगाथ मन्दिर निर्माण गर्न लागत अनुमान रु.१०,६९,३२०।- भएकोमा पालिकाले रु.८,५०,०००।- भुक्तानी गर्ने गरी लाभग्राही सामुदायसँग सम्झौता गराएकोमा उक्त कार्यको स्टिल रेलिङ्ग निर्माण वापत लमसमका रु.१,८०,०००।०० उल्लेख गरेको देखियो । जिल्ला दररेटमा समेत स्टिल रेलिङ्गको दररेट उल्लेख भएको अवस्थामा नाँपजाच गरी वास्तविक परिमाणको आधारमा भुक्तानी गर्नुपर्नेमा लमसममा राखि खर्च लेख्नु नियमसम्मत नदेखिएको रु | १८०,००० |
| ७४ | | | **प्राविधिक बिल र कार्य सम्पन्नः**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नाँपजाच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ्ग नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ्ग नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |
| ७५ | | | **लागत सहभागिताः** | |

<table>
<tr><td></td><td></td><td></td><td>पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>७६</td><td></td><td></td><td>सव कन्ट्याक्टर वाट कार्य गराएकोः<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१३क) अनुसार उपभोक्ता समितिले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने, कुनै निर्माण व्यवसायी वा सव कन्ट्याक्टरवाट गराएको सूचना प्राप्त भएमा समितिसँग सम्झौता तोडी वाँकी काम प्रचलित ऐन र नियम अनुसार गराउनुपर्ने उल्लेख छ । पालिकाले निम्न उपभोक्ता समितिलाई दिएको कामको लागत अनुमान शत प्रतिशत मेसिनवाट गर्ने गरी तयार गरेको र उपभोक्ताले उक्त कार्य निर्माण व्यवसायीवाट गराई कर वीजक पेश गरेको देखिएकोले नियमावलीमा भएको व्यवस्था विपरित पालिकाको सहमतिमा भएको देखिएको जिम्मेवार पदाधिकारीलाई जवाफदेही वनाई नियमित गरेको प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><th>शिर्षक</th><th>भौ नं</th><th>निर्माण योजना</th><th>लागत अनुमान</th><th>निर्माण व्यवसायी</th><th>भुक्तानी</th></tr>
<tr><td rowspan="2">प्रदेश शसर्त</td><td>१९</td><td>खालदेवी कोटसम्म सडक निर्माण उपभोक्ता समिति</td><td>१६९७८७१</td><td>ए.वि. निर्माण कन्स्ट्रक्सन</td><td>१२१७१२६</td></tr>
<tr><td>७२</td><td>चुरेघाटी चाल्नमुल सडक उपभोक्ता समिति</td><td>६३६१७३</td><td>ए.वि. निर्माण कन्स्ट्रक्सन</td><td>५७००००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td></td><td></td><td>१७८७१२६</td></tr>
</table></td><td>१,७८७,१२६</td></tr>
</table>

७७ **शिक्षक दरवन्दी र पदपूर्तिः**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । पालिका अन्तर्गत विभिन्न तहका ३३ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| सि.नं. | विद्यालयको तह | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | उच्च माध्यमिक तह | ८ | ८ | ८ | ४१० |
| २ | माध्यमिक तह | १० | १० | ८ | ८२३ |
| ३ | निम्न माध्यमिक तह | २४ | २४ | १ | १६५७ |
| ४ | प्राथमिक तह | ९९ | ९९ | २३ | ३२३६ |

कुल ३३ विद्यालय संचालनमा रहेको यस पालिकामा कुल १६९ जना स्विकृत दरवन्दी रहेकोमा स्थायी पदपुर्ति भएका शिक्षकको संख्या ६० रहेको छ । खाली भएका दरवन्दी पदपुर्ति गरी शिक्षामा गुणस्तर कायम गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

७८ **राजस्व बाडँफाडँबाट शिक्षकको भत्ताः**

**…………** ***(प्रारम्भिक प्रतिवेदन उपर सैद्धान्तिक व्यहोरा कायम भएकोमा मिति २०७९।१२।२० को निर्णयबाट सम्परीक्षण गरिएको ।)***

७९ **छात्रवृत्तिः**

| | | | | |
|---|---|---|---|---|
| ७९.१ | | | ✂ ........... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।२० को निर्णयबाट रु.६२,२०० ।- सम्परीक्षण गरिएको ।)* | ० |
| ७९.२ | | | **छात्रवृत्तिः**<br><br>✂ ........... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।२० को निर्णयबाट रु.९,३८,२०० ।- सम्परीक्षण गरिएको ।)* | ० |
| ८० | | | **पाठ्यपुस्तकः**<br><br>शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमीबाट प्रकाशित कार्यक्रम कार्यान्वन पुस्तीकामा सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान पहिलोपटकमा विद्यार्थी संख्याको ७५% पहिलो चौमासिकमा दिने र शैक्षिक सत्र २०७९ को विद्यार्थी भर्नाको विवरण पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप २५% बाट अनुदान दिने व्यवस्था छ । पालिकाले २०७८।११।३० मा अन्तर्गतका विद्यालयलाई ७५ प्रतिशत रु.२८,००,४७९।- र २०७९।०३।१९ मा २५% रु. १०,४५,५२१।- पाठ्यपुस्तक वापतको रकम निकासा गरेको छ । विद्यार्थीको वास्तविक संख्या यकिन तथा पाठ्यपुस्तक खरिद तथा भरपाई गरेको कागजात संलग्न नगरी २५% रकम निकासा गरेकोले उक्त रकम पाठ्यपुस्तकमा नै खर्च भएको भन्ने यकिन गर्न सकिएन । पालिकाले विद्यालयको अनुगमन गरी निकासा भएको रकम सम्बन्धित शीर्षकमा खर्च भए नभएको अधावधिक विवरण तयार गरी बिद्यार्थी सख्या भन्दा बढी निकासा देखिएमा असुल गरी दाखिला गर्नुपर्दछ । | |
| ८१ | | | **दिवा खाजाः**<br><br>✂ ........... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।२० को निर्णयबाट रु.१,५६,२४५ ।- सम्परीक्षण गरिएको ।)* | ० |

<table>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>८२</td><td></td><td></td><td>
औषधी खरिदः
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १ मा १० लाख रुपैया सम्मको लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने तथा (१क) मा पच्चीस लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । त्यस्तै सोही नियमको उपनियम (१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी उल्लेखित सीमा भन्दा वढी रकमको एउटै फर्म वा संस्थाबाट खरिद गर्न नपाईने उल्लेख छ । पालिकाले उत्पादकले तोकेको भन्दा फरक मुल्यमा फरक मितिमा फरक फर्मबाट रु.११,५३,८७५।- को औषधी सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु न्निानुसार छनः
<table>
<tr><td>भौ नं</td><td>सप्लायर्सको नाम</td><td>रकम</td></tr>
<tr><td>१८।०७८।०७।१२</td><td rowspan="3">महाबु मेडिसिन सप्लायर्स (६१४६२८५९३)</td><td>४९९८०५</td></tr>
<tr><td>११२।०७९।०२।१७</td><td>१५४२७५</td></tr>
<tr><td>११२।०७९।०२।१७</td><td>४९९७९५</td></tr>
<tr><td>जम्मा</td><td></td><td>११५३८७५</td></tr>
</table>
<ul>
<li>खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,</li>
<li>आपूर्ति हुने औषधी डव्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने, औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,</li>
</ul>
</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | • आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।<br><br>• औषधीको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,<br><br>• औषधीको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।<br><br>तसर्थ औषधीको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधीहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ८३ | | | **विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्रतिबेदनः**<br><br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ८४ | | | **वितरणमुखी कार्यः**<br><br>स्रोत साधनको परिचालन गर्दा उच्चतम लाभ प्राप्त हुने तरिकाले दीर्घकालीन योजना बनाएर गर्नुपर्दछ । पालिकाले देहायका विभिन्न कार्यक्रम अन्तर्गत रु.६,००,०००।०० वितरण गरेको छ । दीर्घकालीन प्रभाव नपार्ने कार्यक्रमहरु | |

<table>
<tr><td></td><td></td><td></td><td>सञ्चालन गर्दा पालिकाको आर्थिक समुन्नतीका साथै रोजगारी, उत्पादन तथा आन्तरनिर्भरतामा प्रतिकुल असर पर्ने देखिएकोले वितरणमुखी कार्य नियन्त्रण हुनुपर्दछ ।
<table>
<tr><th>गोश्वरा भौचर नं/मिति</th><th>कार्यक्रम</th><th>विवरण</th><th>खर्च रकम</th></tr>
<tr><td>४१- २०७८/१२/११</td><td rowspan="4">उपाध्यक्ष गर्भबति महिला काशेलि कार्यक्रम</td><td rowspan="4">२८० जना गर्भवति महिला विभिन्न सामाग्रि प्रदान</td><td>३७०७२०।</td></tr>
<tr><td>४२- २०७८/१२/११</td><td>६३२८०।</td></tr>
<tr><td>४३- २०७८/१२/११</td><td>४००००।</td></tr>
<tr><td>४४- २०७८/१२/११</td><td>१२६०००।</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>६०००००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>८५</td><td></td><td></td><td>सामाजिक सुरक्षाः</td><td></td></tr>
<tr><td>८५.१</td><td></td><td></td><td>बढी निकासाः सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्योक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । पालिकाले सो अनुसार खाता तथा नामावली व्यवस्थित गरेको छैन । पालिकाले लाभग्राहीको सामाजिक सुरक्षा भत्ता वैंक मार्फत वितरण गरी बैंकको पार्किङ् खातामा वाँकी रहेको रकम संघीय संचित कोषमा फिर्ता गर्नुपर्नेमा लेखापरीक्षण अवधि सम्म पनि वैंक खातामा नै रहेको रु.२०,३६,९९७।६९ संघीय संचित कोषमा दाखिला गरेको छ ।</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| ८५.२ | | | **पारदर्शिताः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ बमोजिम स्थानिय तहले सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्नुपर्ने र रकम भुक्तानी गरेको तथा बुझिलिने व्यक्तीको नामावली स्थानीय तहका अतिरिक्त सम्बन्धित वडा कार्यलयमा समेत सार्वजनिक गर्ने व्यवस्था छ । स्थानीय तहले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण वेभसाइटमा सार्वजनिक गरेको छैन । | |
| ८५.३ | | | **सार्वजनिक सुनुवाईः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३४ बमोजिम वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एक पटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने उल्लेख भएतापनि सार्वजनिक सुनुवाई गरी जनगुनासो सम्बोधन गरेको छैन । कार्यविधिले तोकेको समयमा सार्वजनिक सुनुवाई गर्नु पर्दछ । | |
| ८६ | | | **अध्यक्ष रोजगार कार्यक्रमको प्रभावकारीताः**<br><br>योजना संचालन गर्दा उक्त योजनामा हुने खर्चको लाभ लागतको समेत विचार गरि कार्यक्रम संचालन गर्नुपर्दछ । पालिकाले अध्यक्ष रोजगार कार्यक्रमको लागि रु. ५० लाख वजेट विनियोजन गरी खर्च गरेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रमको उद्देश्य वेरोजगारलाई कम्तिमा १०० दिन रोजगार दिने व्यवस्था वमोजिम कामका लागि पारिश्रमिक, मुख्यमन्त्री रोजगार कार्यक्रम लगायत संचालन भएकोमा थप अध्यक्ष रोजगार कार्यक्रम संचालन भएको देखियो । अध्यक्ष रोजगार कार्यक्रम अन्तरगत पालिकाले २९ वटा योजना संचालन गरि रु.३९,९३,९६८।- खर्च गरेकोमा रु.१ देखि २ लाख सम्मको योजना संचालन गरी प्रत्येक योजनामा २ देखि ३ जना कामदार राखी ज्याला | |

| | | | | |
|---|---|---|---|---|
| | | | भुक्तानी भएको देखिन्छ । २ वा ३ जना जनशक्ति राखि १०० दिन सम्म संचालन हुने योजना व्यवहारिक रुपमा संचालन गर्न तथा त्यसको प्रभावकारीता नहुने देखिएकोले यसरी संचालन भएको योजनाको प्राविधिक मुल्यांकन समेतमा प्रश्न चिन्ह खडा हुने अवस्था देखिएकोले यस सम्वन्धमा तँहा पालिकाले यकीन गर्नुपर्दछ । | |
| ८७ | ३५६ | २०७९-३-२५ | **अध्यक्ष रोजगार कार्यक्रमः**<br><br>पालिकामा विभिन्न पदमा ५ जना स्थायी तथा ३ जना करारमा प्राविधिक कर्मचारी नियुक्ती गरेको छ । त्यस्तै प्रधानमन्त्री रोजगारमा-१ जना तथा मुख्यमन्त्री रोजगारमा- १ जना नियुक्ति रहिरहेको अवस्थामा समेत पालिकाले अध्यक्ष रोजगार समेत १ जना प्राविधिक नियुक्ति गरेको छ । एउटै प्रकृतिको रोजगार कार्यक्रममा यसरी कर्मचारी नियुक्ती गर्दा पालिकालाई थप व्ययभार सिर्जना भएको छ । एउटै व्यक्ति परिचालन गरेर गर्न सकिने कामको लागि थप जनशक्ति परिचालन गर्ने कार्यलाई नियन्त्रण गर्नुपर्दछ । साथै एकै प्रकृतिका प्रधानमन्त्री र अक्ष्यक्ष कार्यक्रमको औचित्यता समेत नदेखिएकोले एकिकृत गरी योजना प्रभावकारी बनाउनुपर्दछ । | |
| ८८ | | | **प्रधानमन्त्री कृषि आधुनिकारण परियोजनाः**<br><br>प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना, परियोजना कार्यान्वयन पुस्तिका ४.१.९ पकेट विकास कार्यक्रम संचालन प्रकृयामा स्थानीय तहले सार्वजनिक सूचना प्रकाशन गरी तोकेको पटेक क्षेत्र मध्येबाट लक्षित समुदाय/वर्गलाई पकेट कार्यक्रममा सहभागी हुन तोकिएको ढाँचामा सूचना आव्हान गर्नुपर्ने उल्लेख छ । पालिकाले ६ वटा वटामा निम्न बमोजिम पकेट कार्यक्रम संचालन गर्ने निर्णय गरेपनि सार्वजनिक सूचना आव्हान गरी लक्षित समुदायलाई जानकारी गराएको देखिएन ।कार्यक्रस समापन पश्चात सार्वजनिक सुनुवाई समेत नगरे बाट पालिकाले समुदाय लक्षित कार्यक्रम भन्दा पनि व्यक्ति लक्षित कार्यक्रम गरेको जस्तो देखिएको छ । पालिकाले उद्देश्य अनुरुपको बजेट खर्च हुने तथा बजेटको उचित उपयोग हुने गरी पारदर्शी ढंगले कार्यक्रम संचालन गर्नुपर्दछ । | |

| वडा नं | कार्यक्रमको नाम | पालिकाबाट अनुदान |
|---|---|---|
| १ | आलु पकेट | ५४०००० |
| २ | खाधान्न बालिको बिउँमा मूल्य अनुदान | ५४०००० |
| ३ | बासी सुनार टोल खाधान्न बालिको बिउँमा मूल्य अनुदान | ५४०००० |
| ४ | रावल टोल काप्रिखोला तरकारी पकेट | ५४०००० |
| ५ | वडाबन अलैची पकेट निरन्तरता | ५४०००० |
| ६ | टाकुरी आलु पकेट | ५४०००० |

:

| | | | | |
|---|---|---|---|---|
| | | | प्रदेश तथा स्थानीय तहमा शसर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम संचालन सम्बन्धि कार्यविधि अन्तर्गत खाधान्न बालीमा उन्नत वीउ उपयोगमा मूल्य अनुदान अन्तर्गत विनियोजित बजेटको कम्तिमा ५०% बीउमा खर्च गर्नुपर्ने तथा प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना, परियोजना कार्यान्वयन पुस्तिका को आलु पकेट संचालन गर्दा कुल लागतको ५०% बीउमा खर्च गर्नुपर्ने व्यवस्थाको पूर्ण कार्यान्वयन नगरी प्रत्येक कार्यक्रमको अधिकांश बजेट सिंचाइ पोखरी निर्माण, सिंचाइ पाईप खरिद, तालिम, कृषि सामाग्री खरिद आदीमा खर्च भएकोले कार्यक्रमको लक्ष्य अनुसारको कार्य सम्पन्न भएको देखिएन । पालिकाले कार्यक्रमको मर्म अनुसारको कार्यक्रम तय गरी शसर्त बजेटको मितव्ययी तरिकाले खर्च गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| ८९ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रमः**<br><br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था छ । पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेपनि सूचिमा समावेशलाई प्रथमिकतामा राखेको छैन । अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ११७७ जना वेरोजगार सुचिकृत भएकोमा ४९३ जनालाई रोजगारी उपलव्ध गराई ४३ योजनामा रु. १,५४,९०,३६७.०० खर्च गरेको छ । लक्षित वर्गलाई न्युनतम १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृजना भएको देखिंदैन । | |

| | | | | |
|---|---|---|---|---|
| ८९.१ | | | **सामग्री खरिदः** प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७८ अनुसार कार्यक्रममा विनियोजन भएको रकम ज्याला भुक्तानीमा मात्र खर्च गर्नुपर्दछ। पालिकाले जयन्ती माध्यमिक विद्यालय भवन निर्माण योजनाको लागत अनुमान रु.१६,६२,५००।- रहेको निर्माणमा पालिकाले ज्याला वापतको रकम प्रधानमन्त्री रोजगार कार्यक्रमावट भुक्तानी गर्ने निर्णय गरे अनुसार रु.१३,७६,६००।- खर्च लेखेको छ । प्राविधिकले उक्त निर्माणको Material Breakdown गरे अनुसार ज्यालामा रु.६,४६,५०५।- खर्च हुने उल्लेख गरेकोमा यस कार्यक्रमवाट सामग्री मुल्य रु.७,३०,०९५।- व्यक्तिगत खातामा रकम पठाएको देखिए तापनि उक्त रकम सम्वन्धितले खातावाट पुन सामाग्री खरिदको भुक्तानी हुने देखिन्छ । निर्देशिकाले तोकेको भन्दा फरक क्षेत्रमा खर्च गरेको रकम संघीय संचित कोषमा फिर्ता हुनुपर्ने रु. | ७३०,०९५ |
| ८९.२ | | | यस कार्यक्रममा १ देखि २ लाख सम्मको योजना संचालन गरि प्रत्येक योजनामा २ देखि ३ जना कामदार राखि ज्याला भुक्तानी भएको देखिन्छ । २ वा ३ जना जनशक्ति राखि १०० दिन सम्म संचालन हुने योजना व्यवहारिक रुपमा संचालन गर्न तथा त्यसको प्रभावकारीता नहुने देखिएकोले यसरी संचालन भएको योजनाको प्राविधिक मुल्यांकन समेतमा प्रश्न चिन्ह खडा हुने अवस्था देखिएकोले यस सम्वन्धमा पालिकाले नै स्पष्ट गर्नुपर्दछ । | |
| ९० | | | **स्वास्थ्य कार्यक्रम पेश्कीः**<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ बमोजिम पेश्की लिनुपर्दा कुन कामको लागि के कति रकम चाहिने हो त्यसको एकिन विवरण खुलाई निवेदन दिनुपर्ने उपनियम (४) बमोजिम काम सम्पन्न भएको १५ दिनभित्र आफुले सम्पन्न गरेको कामका सम्बन्धमा खर्च प्रमाणित गर्न आवश्यक बिल भरपाई र कागजात सहितको प्रतिवेदन कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाका स्वास्थ्य शाखा प्रमुखले नियमानुसार कार्य विवरण नखुलाई स्वीकृत कार्यक्रममा विनियोजन भएको रकम नै पेश्की जनाई व्यक्तिगत खातामा जम्मा गरी विभिन्न मितिमा पटके कार्यक्रम संचालन गरी ०७९।३।२३ मा फस्र्यौटको लागि पेश गरेको देखियो । सबै कार्यक्रम एकै पटक संचालन गर्न संभव पनि नहुने र केही चौमासिक आधारमा सम्पन्न गर्ने कार्यक्रम समेतको एकै पटक पेश्की लिई व्यक्तिगत खातामा राख्ने कर्मचारीको बैंक खाता झिकाई सो मा प्राप्त व्याज यकिन गरी त्यहाँ पालिकाबाट असुल गरी राजस्व खातामा जम्मा भएको प्रमाण पेस गरी पेश्की माथी पेश्की दिंदा नियम पालना सम्त नहुने देखिएकोले यस्तो कार्यमा सुधार हुनुपर्दछ । | |
| ९१ | | | **छोरी बचत खाताः** | |

| | | | | |
|---|---|---|---|---|
| | | | सामाजिक विकास मन्त्रालयले २०७६/७७ देखि जन्मिएको प्रत्येक छोरीको नाममा पलिकाको सिफारिसमा तोकिएको वैकमा खाता खोली प्रतिमहिना पाँचसयका दरले नगद जम्मा गर्ने नीति कार्यान्वयन गरेको छ । पालिकाले यसवर्ष रु.१७,४५,०००।०० छोरी बचत खातामा जम्मा गराएको छ । यस आर्थिक वर्षमा मात्र कुल ३३६ जनाको खाता सिफारिस गरेकोमा केहीको खातामा रकम भुक्तानी हुन सकेको छैन । प्रर्याप्त बजेट अभावका कारण रु.७,१९,०००।- जम्मा हुन नसकेको पलिकाले जनाएको छ । दीर्घकालीन भारपर्ने नीति कार्यन्वयन ल्याउनु अगाडि असर एवं प्रभाव विश्लेषण नगरेको कारण हरेक वर्ष दायित्व बढ्दै जाने तर बजेट अपर्याप्त रहने देखिएबाट उक्त कार्यक्रमको उपयुक्त विकल्पको पहिचान गर्नुपर्ने देखिन्छ । | |
| ९२ | | | **बहुक्षेत्रिय पोषण कार्यक्रमः**<br><br>बहुक्षेत्रीय पोषण कार्यक्रम योजना कार्यक्रमको लागि गाडी भाडा वापत रु.५६ हजार खर्च गरिसके पछि रु.३० हजारको ईन्धनको बिल पेश गरी इन्धन सुविधा लिएको देखियो । दोहोरो सुविधा लिने व्यक्तिलाई जिम्मेवार वनाई गाडी भाडा वापतको रकम असुल गर्नुपर्ने रु. | ५६,००० |
| ९३ | | | **लघु उद्यम विकास कार्यक्रमः**<br><br>गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत पालिकाले २ जना उद्यम विकास सहजकर्ता नियुक्त गरी कार्यक्रम फोकल पर्सन, तथा उद्यम विकास सहजकर्तालाई पेश्की दिइ विविद्य कार्यक्रम संचालन गरेको छ । यस अन्तर्गत देखिएको व्यहोरा निम्न बमोजिम रहेको छ | |
| ९३.१ | | | गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को दफा ३९ मा तालिमबाट उत्पादित सामान वा वस्तुहरुको व्यवस्थित अभिलेख राखी त्यस्ता सामानहरु प्रशिक्षण अवधिभित्रै परल मूल्यको ५० प्रतिशत छुटमा सहभागीलाई विक्री गरी राजश्व खातामा रकम जम्मा गर्नु पर्ने, विक्री नभएमा प्रदर्शनी वा विक्री कक्षमा पठाउने र त्यसरी पनि विक्री नभएमा ७ दिन भित्र स्टोर दाखिला गर्नुपर्ने व्यवस्था छ । कार्यालयको यस्ता कार्यक्रमको नमुना परीक्षण गर्दा कार्यालयले MEDPA कार्यक्रम अन्तर्गत वस्तु तथा सामान उत्पादन हुने तालिम संचालन गरी उत्पादन भएको सामानको कुनै रेकर्ड राखेको छैन । पालिकाले यस्ता सामान विक्री गरी राजश्व संकलन गर्नुपर्ने अन्यथा स्टोर दाखिला गरी लगत राख्नुपर्दछ । | |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>भौनं</th><th>तालिमको नाम</th><th>कच्चा पदार्थको मूल्य</th><th>कच्चा पदार्थ परल मूल्यको ५०%</th></tr>
<tr><td rowspan="2">१०४।०७९।०२।११</td><td>होजियारी तालिम महाबु ४</td><td>३२६००</td><td>१६३००</td></tr>
<tr><td>सिलाई कटाई तालिम</td><td>६९०००</td><td>३४५००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९३.२</td><td></td><td></td><td>डाइभिङ्ग तालिमः कार्यालयले व्यक्तिसँग सम्झौता गरी वडा नं ४ मा १५ दिने र वडा नं १ मा १ महिने मोटर ड्राईभिङ तालिम संचालन गरी हरेक तालिममा गाडी भाडा वापत रु.२ लाखको दरले खर्च लेखेको छ । १५ दिने तालिम र १ महिने तालिममा १ वटा मात्र गाडी भाडामा लिई तालिम संचाल गरे पनि गाडी भाडा रकम एउटै फर्मको रहेको छ । साथै एक गाडीमा एक जना प्रशिक्षार्थीले ३० मिनेट भन्दा वढी तालिम लिन नपाएकोले तालिम प्रभावकारी हुने देखिएन । प्रतिव्यक्ति ३० मिनेट भन्दा नहुने तालिमको लागि खाजा वापत कुल रु.८७,८६५।०० खर्च लेखेको छ । पालिकाले यस्ता तालिम संचालन गर्दा CTEVT तथा अन्य निकायबाट स्वीकृत मोटर ड्राईभिङ्ग सम्बन्धि पाठ्यक्रम अनुसार संचालन गरी खर्च मितव्ययी तथा तालिम प्रभावकारी बनाउनेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>९३.३</td><td>४८२</td><td>२०७९-३-२४</td><td>प्रविधि हस्तान्तरणः गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ४१ (३) मा उद्यमीलाई प्रदान गरिने प्रविधिको कुल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबाट आपूर्तिकर्ताले कबोल गरेको कुल अंकको कम्तीमा बीस प्रतिशत रकम जम्मा गर्न लगाई बढीमा असी प्रतिशत रकममात्र कार्यालयले आपूर्तिकर्तालाई भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले रु.११,७०,२४८।- को विभिन्न मेशिन औजार खरिद गरी विभिन्न व्यक्ति तथा उद्यमीलाई प्रविधि हस्तान्तरण टेवा स्वरुप उपलब्ध गराएको छ । यसरी खरिद गर्दा</td><td>२३४,०४९</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>सामानको कुल अंकको शत प्रतिशत नै पेश्की लिने कर्मचारीले आपूर्तिकर्तालाई भुक्तानी दिएको देखिएकोले उक्त मेशिनको मूल्यको २० प्रतिशत रकम कार्यक्रम सञ्चालन गर्नेबाट असूल गर्नुपर्ने रु.
<table>
<tr><th>भौचर नं र मिति</th><th>कर्मचारीको नाम</th><th>प्रविधि खरिदको कुल रकम</th><th>२० प्रतिशतले हुने रकम</th></tr>
<tr><td>४८२।०७९।०३।२४</td><td>कट्रिना सुनार</td><td>४०००००</td><td>८००००</td></tr>
<tr><td>४८२।०७९।०३।२४</td><td>सुनमायाँ सुनार</td><td>५६२४००</td><td rowspan="3">१५४०४९</td></tr>
<tr><td>१६८।०७९।०३।२४</td><td>सुनमायाँ सुनार</td><td>१३९५००</td></tr>
<tr><td>१०४।०७९।०२।११</td><td>सुनमायाँ सुनार</td><td>६८३४८</td></tr>
<tr><td>जम्मा</td><td></td><td>११७०२४८</td><td>२४३०४९</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९४</td><td></td><td></td><td>राष्ट्रपति रनिङ्ग सिल्ड प्रतियोगिताः<br><br>पालिकाले चामुण्डा विन्द्रासैनी नगरपालिकामा ०७८।०८।१५ देखि संचालित राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिताका लागि महाबु गाउँपालिका खेलकुद विकास समितिका श्री प्रकाश राज थापालाई रु. १ लाख पेश्की दिएकोमा जिल्ला स्तरीय क्रिकेट प्रतियोगितामा सहभागीताको लागि उक्त रकमबाट खेलाडीका लागि टिसर्ट, ट्राउजर, ग्लब्स, ब्याट आदि खरिद तथा खाना खाजा, गाडीभाडामा खर्च गरेको बिल भरपाई पेश गरी पेश्की फर्स्यौट गरेको छ । खरिद भएका उक्त सामाग्रीहरु पालिकामा दाखिला समेत भएको छैन । यसरी राष्ट्रपति रनिङ्ग शिल्ड संचालन गर्ने रकम अन्य खेलकुद संचालन गर्न भूक्तानी दिन नमिल्ने रु.</td><td>१००,०००</td></tr>
<tr><td>९५</td><td></td><td></td><td>अनुगमन तथा सम्परीक्षणः</td><td></td></tr>
</table>

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फर्छ्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फर्छ्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।

| गत वर्षसम्मको बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B) |
|---|---|---|
| १८१८८२ | ०० | १८१८८२ |